## जलवायु परिवर्तन सम्मेलन हुने

काठमाडौं । आगामी पुस १५, १६ र १७ गते जिल्ला समन्वय समिति महासंघको आयोजनामा सिन्धुपाल्चोकमा जलवायु परिवर्तनसम्बन्धी सम्मेलन हुने भएको छ। सम्मेलनमा जलवायु परिवर्तनसम्बन्धी विज्ञहरु सातै प्रदेशका मुख्यमन्त्रीहरु ७७ जिल्लाका समन्वय समितिका प्रमुखहरु सामाजिक संघसंस्थाका प्रतिनिधिहरु र आयोजना हुने जिल्लाका गाउँ तथा नगरका मेयर उपमेयर प्रमुख उपप्रमुख बाँकी ८ पेजमा

जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी
(Mother And Motherland Are Greater Than Heaven)

# ग्रेटर नेपाल

(देशभक्ति, पर्यावरण र सामाजिक विकासमा समर्पित) साप्ताहिक

## वीर र शिक्षण अस्पतालमा नेतृत्व कहिले ?

काठमाडौं । समयमा उपकुलपति नियुक्त नहुँदा वीर र शिक्षण अस्पताल ४ महिनादेखि नेतृत्वविहीन अवस्थामा छन् । संस्थाको काम-कारबाही प्रभावित भएको र बिरामीको सेवामा गम्भीर असर परेको चिकित्सकहरू बताउँछन् ।

उपकुलपति प्रा.डा. गणेश गुरुङको चार वर्षे कार्यकाल गत २४ साउनमा सकिएपछि वीर अस्पताल नेतृत्वविहीन छ । निर्देशकको कार्यकाल पनि ३० असोजबाट सकिएपछि निमित्तको भरमा चलिरहेको छ ।

वर्ष ७ अंक ३२, २०७५ साल मंसिर २१ गते शुक्रबार, नेपाल संवत् ११३९ (Dec. 7, 2018) Website : www .greaternepal .com .np मूल्य रु. १० ।-

# के हो युनिफिकेसन चर्च, के गर्छ यसले ?

काठमाडौं । विवादास्पद एसिया प्यासिफिक समिटमा कम्युनिस्ट नेतृत्वको सरकार र नेकपाका नेताहरुको सहभागिता र सक्रियताले वैचारिक स्खलन, सांस्कृतिक अधोपतन र नैतिकताको दिवालियापनलाई छर्लंग पारेको छ । संसारलाई दुःखबाट मुक्त गर्न भन्दै आफ्ना दुःख मुक्तिको कामना लिएर धर्मका नाममा अन्धविश्वास र धनको प्रभाव सिर्जना गर्दै हिँडेको एउटा क्रिश्चियन पन्थको आयोजनामा काठमाडौंमा आयोजित क्रिश्चियनहरुको अन्तर्राष्ट्रिय जमघटलाई ओली सरकारले आफ्नै कार्यक्रमका रुपमा लिन स्वीकार गरेर आफ्नो कूटनीतिक बालापन देखाइसकेको थियो । आफ्नो शुक्रकिट (पुरुषको वीर्यमा तैरने सन्तान उत्पादन गर्ने चेपागाँडा आकारको जीवाणु) मिसाएर बाँडिएको पवित्र रक्सी पिउनेहरु नै पवित्र परिवारका सदस्य बन्न पाउँछन् र ती सबैले यसको पवित्रताको प्रचार गर्नु कर्तव्य हुन्छ भन्ने मान्यता बोक्ने कोरियन ढोंगी धर्मगुरु सुन म्युङ मुनको युनिफिकेसन चर्चलाई सरकारले जसरी मान्यता दियो, त्यसले अन्तर्राष्ट्रिय स्तरमै नेपालको






शिर झुकाएको छ । यो सम्मेलनलाई नेपालका दूरदराजमा बस्ने नेपालीले मात्र होइन, विश्वले नै नियालेको थियो । नेपाली क्रिश्चियनहरुको छाता संस्था क्रिश्चियन महासंघले नै कार्यक्रम बाइबल विपरीत भएको र यसले इशाई धर्मावलम्बीहरुलाई चोट पुऱ्याएको टिप्पणी गर्नुले नेपाल सरकार कथित जिससपुत्रीप हाक जा हानको आर्थिक प्रलोभनमा कसरी डुबेको रहेछ प्रस्ट हुन्छ ।

**के हो युनिफिकेसन चर्च ?**

हालको उत्तर कोरियामा पर्ने एक गाउँमा सन् १९२० मा सुन म्युङ मुन जन्मेका थिए । दश वर्षको हुँदा उनको परिवार प्रोवेस्टरिन चर्चमा प्रवेश गऱ्यो । युनिफिकेसन चर्चाको मान्यताअनुसार सन् १९३५ मा मुनलाई क्राइस्टले दर्शन दिए र पृथ्वीमा स्वर्गको राज्य स्थापित गर्ने आफ्नो अधुरो जिम्मेवारी पूरा गर्न दायित्व प्रदान गरे । मुन दम्पत्तिले कोरिया, जापान र अमेरिकामा व्यवसाय सञ्चालन गरेका थिए। त्यसको नाफालाई उनीहरु धार्मिक तथा गैरनाफामूलक क्षेत्रमा प्रयोग गर्थे । पैसा दिएर प्रभावित पारेपछि त्यस्ता संस्थामा आफ्ना अनुयायी र निकटस्थहरुलाई नियुक्त गर्थे र नियन्त्रणमा लिन्थे । मुन जहिले पनि दक्षिणपन्थीहरुको समर्थन गर्थे । उनी कम्युनिस्ट विरोधी थिए । तर नेपालमा कम्युनिस्ट नेतृत्वको दुईतिहाई सरकार भएको समयमा उनको संस्थाले अन्तर र्ाष्ट्रिय क्रिश्चियन भेला गर्न सफलता पाएको छ । मुन अमेरिकालाई संसारकै उद्धारकर्ता ठान्थे । तर जब उनी सन् १९८० को दशकमा करछलीको मुद्दामा पक्राउ परे र १८ महिना जेल सजाय पाए उनी अमेरिकामाथि ने खनिए । मुन जेल परेपछि उनका समर्थकहरु घट्न थाले । लगानी डुब्न थाल्यो । तब उनले अमेरिकालाई शैतानको उपज संज्ञा दिएका थिए । सन् १९९० को दशकमा उनले आफ्नो चर्चलाई फेमेली फेडरेसन फर वर्ल्ड पिस एन्ड युनिफिकेसन नाम दिए । हाक जा हान मुनले वुमन्स फेडरेसन फर वर्ल्ड पिस स्थापना गरिन् । हाल सय देशका ३० लाख मानिसले यो मान्ने गरेको अनुमान गरिन्छ ।

**को हुन् मुन ?**

सन् १९४१ मा मुन जापान गएर त्यहाँको वासेदा युनिभर्सिटीमा अध्ययन गरे । दुई वर्षपछि उनी कोरिया फर्किएर सुन किल चोइसँग विवाह गरे । सन् १९४६ मा पत्नी र बच्चालाई छोडेर उनी प्योङयाङ गएर धर्म प्रचार गर्न थाले । उत्तर कोरियाको कम्युनिस्ट सरकारले मुनलाई गिरफ्तार गऱ्यो । दक्षिण कोरियाली जासुस भएको आरोपमा उनलाई पाँच वर्षसम्म कारावासको सजाय दिइएको थियो । कोरिया युद्धको अन्त्यतिर उनी उत्तर बाँकी ८ पेजमा

## ज्येष्ठ कम्युनिस्टलाई सम्मान



काठमाडौं । अक्टोबर क्रान्ति शतवार्षिकीको समापनका अवसरमा आयोजित समारोहमा गत मंसिर १५ गते शनिबार पुराना कम्युनिस्ट नेताहरुलाई सम्मान गरिएको छ । विभिन्न ठाउँमा बसेर कम्युनिस्ट आन्दोलनमा योगदान पुऱ्याउने ज्येष्ठ कम्युनिस्ट नेताहरुले प्रज्ञाभवनको बाँकी ८ पेजमा

## मागियो अर्थमन्त्रीको राजिनामा

काठमाडौं । शेयर बजार डामाडोल भएको भन्दै शेयर लगानीकर्ताहरु अर्थमन्त्री युवराज खतिवडाप्रति रुष्ट भएका छन् । उनीहरु आफ्नो सम्पत्तिको रक्षाका लागि अनसन बस्न लागिएको दबाब समूहले जारी गरेको विज्ञप्तिमा उल्लेख छ । अनशनकारीले अर्थमन्त्री डा. युवराज खतिवडाको राजीनामासहित १० बुँदे माग पेश गरेका छन् । अनशन यही मंसिर २३ गते आइतबारदेखि सुरु हुने जनाइएको छ ।

दबाब समूहले विज्ञप्तिमार्फत् दपेस गरेका माग निम्न छन् :

१. सरकारले पूँजी बजारसम्बन्धी आफ्नो धारणा तथा नीति स्पष्ट गरोस् र बजार सुधार तथा बिस्तारका लागि तत्काल बिशेष कार्यक्रम ल्याओस् ।

२. अनलाइन कारोबार प्रणालीको पहुँच तत्काल बाँकी ८ पेजमा

## पोस्टरले नै आतंकित सरकार

काठमाडौं । निर्मलालाई न्याय माग्दै मुलुकभर आन्दोलन चर्किन थालेपछि हत्याराको खोजी गर्न गृह मन्त्रालयले थप चासो लिएको छ । निर्मला प्रकरणले सिंगो सरकार बदनाम भएको र प्रहरी प्रशासनको विश्वसनीयतामाथि नै गम्भीर प्रश्नचिन्ह खडा भएपछि गृह मन्त्रालयले अनुसन्धानको लागि अर्को विशेषज्ञ टोली बनाउने भएको छ । यसै विषयलाई लिएर गृहमन्त्री रामबहादुर थापा, गृहसचिव प्रेमकुमार राई, प्रहरी महानिरीक्षक सर्वेन्द्र खनाल, गृहमन्त्रीका सल्लाहकार सूर्य सुवेदी र डा.इन्द्रजित राई र सहसचिव रामकृष्ण सुवेदी समेतले बुधबार गम्भीर छलफल गरेका छन् ।

निर्मला पन्तको हत्यारा पत्ता लगाई कारबाही गर्न चौतर्फी दबाब बढिरहेको अवस्थामा पछिल्लो चरणमा ‘सरकार भेटियो न्याय भेटिएन’ भन्ने पोस्टरका साथ चर्काइएको आन्दोलनपछि सरकार




नै अत्तालिन थालेको छ । सरकारले श्रमिकलाई योगदानमा अधारित निवृत्तिभरण दिने घोषणा गरेको खुसियालीमा प्रधानमन्त्रीका रंगीन पोस्टर सहरभरि टाँसिएका थिए । अहिले निर्मलालाई न्याय दिलाउने अभियानमा जुटेकाहरुले प्रधानमन्त्रीको बाँकी ८ पेजमा

## सम्झौता सम्पन्न

काठमाडौं । यही मंसिर १६ गते आइतबार मुगु जिल्ला खत्याड गाउँपालिका वडा नं ११ रिखिंयामा महादेव चौथा मन्दिर निर्माण गर्ने सन्दर्भमा सुरेन्द्र ढकाल प्रतिष्ठान र महादेव सामुदायिक विकाश केन्द्रबीच एक सम्झौता सम्पन्न भएको छ । सम्झौता अनुरुप प्रतिष्ठानले रु १६०,०००/- को सहयोग गर्ने भएको छ। कुल निर्माण लागत रु ३६०,०००/- भएको उक्त आयोजनाको लागि नपुग



२००,००० स्थानीय जनपरिचालन र खत्याड बाँकी ८ पेजमा

## पप्पुलाई अदालतको गंगाजल

काठमाडौं । मुलुकभर विभिन्न ठाउँमा ठेक्का लिएर समयमै काम नसकी वर्षौं अल्झाएर राख्ने र आयोजनाहरु नै अलपत्र पार्ने कम्पनीको नाममा बदनामी कमाएको पप्पु कन्स्ट्रक्सन कम्पनीसँग सिक्टा सिंचाइ आयोजनाको डडुवा नहर निर्माणको काम निर्धारित समयमा नसकेपछि ठेक्का तोडिएको थियो । त्यसैगरी पप्पु कन्स्ट्रक्सनलाई कालोसूचीमा राखेर कारबाही अघि बढाइएको थियो । तर तुलसीपुर उच्च अदालतले पप्पुको कामलाई सही ठहर गर्दै कालोसूचीमा नराख्न आदेश दिएको छ ।

उच्च अदालत तुलसीपुरको नेपालगन्ज इजलासका न्यायाधीश विष्णुदेव पौडेल र ऋषि अधिकारीको संयुक्त इजलासले गत बुधबार आदेश जारी गर्दै पप्पुलाई कालोसूचीमा नराख्न र धरौटी बापत उक्त कम्पनीले राखेको ७ करोड रकम नझिक्न आदेश दिएको छ ।

पप्पु कन्स्ट्रक्सन कम्पनीका सुनिल रौनियारले उच्च अदालतमा रिट दर्ता गर्दै पप्पुलाई कालोसूचीमा राखेर बैंक धरौटीको रकम झिक्न खोजेको दाबी गरेका थिए । सिक्टा सिंचाइको डडुवा नहर २८ महिनामा बनाइसक्ने बाँकी ८ पेजमा

समय-सन्दर्भ

## गणतन्त्र ओझेलमा राष्ट्रवाद संकटमा

**राजेन्द्र शर्मा**

भारतको नेपालप्रतिको दृष्टिकोणमा परिवर्तन भएकै हो त ? अवश्यै होइन । हालसम्मका भारतीय शासकहरुले नेपाललाई तर्साएर नेपालसँग असमान सन्धी गरे । भारतीय गृहमन्त्री पटेलले त नेपाललाई सैनिक कारवाही गरी भारतमा गाभ्नुपर्दछ भनेर खुलेरै अभिव्यक्ति दिएका थिए । इन्दिरा गान्धीको योजना पनि नेपाललाई भारतमा गाभ्ने नै थियो । नेपालको श्रोत माथिको भारतीय दोहन कायमै छ । ७१ भन्दा बढि ठाउँमा भारतले नेपालको सीमा मिचेकै छ । टिष्टा कांगडाको नेपाली भूमीलाई अहिलेसम्म भारतले उपनिवेश बनाइनै रहेको छ। राजा महेन्द्रको एकताकाको सफल कुटनीतिको कारण नेहरु पछारिए । त्यसैगरी शान्तीक्षेत्रको प्रस्तावले गर्दा राजा वीरेन्द्र भारतीय प्रधानमन्त्री राजिव गान्धी भन्दा उपल्लो स्तरको कुटनीतिज्ञको रुपमा स्थापित हुन पुगे र नेपाली जनताले राजनेता खोज्न परेको थिएन । त्यसैको कारण पनि भारतीय गुप्तचर संस्था 'रअ' ले राजा वीरेन्द्रको वंश विनासमात्रै होइन माओवादीसँग मिलेर नेपालको राजतन्त्रसम्म उखेल्न सफल भयो । राजा होउन्जेल राजालाई नै नेता देख्ने नेपालीहरुमा गणतन्त्र आए पश्चात राजनेताको खडेरी परेको छ। हालसम्म भएका नेपाली नेताहरु विदेशीका दलाल राष्ट्रघाती, असक्षम, भ्रष्टाचारी र फरियावादी भएका कारण नेपाली जनताले राजनेता नदेखेको परिप्रेक्ष्यमा मोदी उनीहरुको लागि अलौकिक प्राणी बन्न पुगेका छन् । राजा ज्ञानेन्द्रले जिम्मे बन्न चाही भारतको कठपुतली बन्दै नेपालको रक्षा, परराष्ट्र र श्रोत सबै भारतको जिम्मा लगाउने पत्रमा हस्ताक्षर गरेको भए सायद नेपालमा कहिले पनि गणतन्त्र आउने थिएन होला । ‘रअ’ को लहैलहैमा नेपाली राजनीतिक दल र तिनीहरुका नेताहरुले राजालाई त फ्याँके तर आफूहरुमा राजनेता हुने गुणको विकास गर्न नसक्दा नेपाली जनताहरुले विदेशी नेताहरुको जयजयकार गर्नु पर्ने दिन आएको छ र राष्ट्रवादका लागि यो एउटा गहिरो संकटको लक्षण हो । देशलाई हालका राजनीतिक दल र त्यसका नेताहरुले असफल राष्ट्र बनाउन लागी परिसकेको परिप्रेक्ष्यमा मोदीको जयजयकार गर्ने नेपालीहरुको संख्या बढ्दै गइ भोली ‘भारत आउ नेपाल खाउ भन्ने’ जनसंख्याको बहुमत हुन गयो भने नेपालले सिक्किमको नियति नव्यहोर्ला भन्न सकिन्न । फरक यतिमात्रै हो कि पहिलेका भारतीय प्रधानमन्त्रीहरु तर्साएर नेपाललाई खान खोज्दथे भने मोदी नेपालीलाई ललिपप चटाउदै बाँकी ८ पेजमा

## भारतीयले गरे सडक निर्माणमा अवरोध

काठमाडौं । कञ्चनपुरको सीमावर्ती नेपाली गाउँमा सडक बनाउँदा भारतीय पक्षले विरोध जनाएको छ । भीमदत्त नगरपालिका-१० गड्डाचौकीदेखि जिमुवा-ब्रम्हदेव जोड्ने नेपाली भूमिमा सडक बनाउँदा भारतीय सीमा सुरक्षा बलले अवरोध गरेको हो । भारतीय पक्षको ज्यादती एकपछि अर्को गर्दै बढिरहेको अवस्थामा नेपाल सरकारले किन चासो दिँदैन ? सर्वत्र चासोको विषय बनेको छ ।

गत मंगलबार सडक निर्मणका लागि भीमदत्त नगरपालिकाको जेसिभी त्यहाँ पुग्दा भारतीय एसएसबीले दशजगा भन्दै फर्काइदिएको स्थानीयले बताएका छन् । स्थानीय पशुपती चन्दले गड्डाचौकी गाउँ भएर जिमुवा हुँदै ब्रम्हदेब जोड्ने सीमावर्तीबस्तीको सीमा सडक निर्माणमा भारतीय पक्षबाट अवरोध भएको बताइन् । एसएसबीले दशगजा भन्दा ५० मिटर बाँकी ८ पेजमा




सुरेन्द्र ढकाल प्रतिष्ठानको लागि
सम्पादक/प्रकाशक
सुरेन्द्रप्रसाद ढकाल

कार्यकारी सम्पादक
तेजेन्द्र प्रसाईं

प्रबन्ध सम्पादक
कृष्णराज दुलाल

प्रबन्ध निर्देशक
किरण थापा

अतिथि सम्पादक
विष्णु भट्टराई

सहसम्पादक
घनश्याम ओली

सम्पादन सहयोगी : गोविन्द विक

बजार व्यवस्थापन
रामशरण रिमाल

मुद्रक : अन्नपूर्ण अफसेट प्रिन्टर्स, असन, काठमाडौं
कार्यालय : नयाँ बानेश्वर, फोन ४१०५०४८ पोस्टबक्स ४२६५, फ्याक्स ४१०४४८७,
इमेल : greaternepal2012@gmail .com, www .greaternepal .com .np
*Visit : www .youtube .com Surendra Dhakal Social Activist*

## सम्पादकीय

# सरकार दिशाहीन अवस्थामा

नेपालीमा एउटा उखान छ, 'काम कुरो एकातिर कुम्लो बोकी ठिमीतिर' भन्ने । अहिले सरकारको हालत त्यस्तै भएको छ । मुलुकका सामु देखिएका दर्जनौं जल्दाबल्दा समस्यालाई एकातिर पन्साएर सरकार कोरयाको युनिफिकेसन चर्चद्वारा आयोजित एसिया प्यासिफिक समिटमा सक्रिय सहभागी भएको छ । प्रधानमन्त्रीले लिडरसीप एन्ड गुड गभर्नेन्स अवार्ड नै प्राप्त गरेका छन । विश्वका विभिन्न मुलुकका पुराना, नयाँ नेताहरू, सरकार प्रमुख, प्रतिनिधिहरू भेला गराएर राजनीतिको आवरणमा गरिएको धार्मिक गतिविधिमा सरकार मुसिएर चौतर्फी आलोचनाको पात्र बनेको छ । क्रिश्चियन धर्म माताले आशिर्वाद दिएर विश्वभर क्रिश्चियानिटी फैल्याउने मूल उद्देश्य लिएको एसियन प्यासिफिक समिटबाट पर्यटन प्रबर्द्धन हुने, भाइचार विस्तार हुने विश्व शान्तिमा योगदान पुग्ने भनेर फाइदै फाइदाको व्याख्या गरे तापनि यसले हिन्दु, बौद्ध संस्कार र संस्कति बोकेको नेपाल र नेपाली समाजमाथि गम्भीर प्रहार गरेको छ ।

नेपालको संविधानले धर्मनिरपेक्षताको मार्ग प्रशस्त गरेकोमा हिन्दु धर्मावलम्बी समुदायले क्रिश्चियानिटीको विस्तारको लागि धर्मनिरपेक्षता लादियो भनेर असन्तुष्टि व्यक्त गरिरहेको अवस्थामा त्यसैलाई पुष्टि गर्ने गरी क्रिश्चियनहरूको महापरेड आयोजना गर्नु र सिंगो सरकार सम्मेलन सफल पार्न मरिमेटनुले धर्मनिरपेक्षता विरोधीको तर्कलाई बल पुऱ्याउने काम गरेको छ । कोरियन चर्चाको गतिविधिलाई राजनीतिको आवरण दिएर नेपाल भित्रयाउने काममा एकनाथ ढकाल पहिलादेखि नै लागिपरेका छन । कोरियन चर्चको पैसाको बलमा हेलिकप्टर चढेर निर्वाचन क्षेत्र भ्रमण गर्दै परिवार दल निर्माण गर्न लागि परेका ढकाल परिवार दलमा असफल भएपछि अहिले सत्तारूढ नेकपाको केन्द्रीय सदस्य बन्न पुगेका छन । उनै ढकालको प्रभावमा परेर प्रधानमन्त्रीदेखि नेकपाका नेता माधव नेपालसम्मले समिटमा सक्रिय सहभागिता देखाएका छन । प्रधानमन्त्री र चर्चका गतिविधिप्रति हुरूक्क हुने नेताहरूप्रति नेकपाभित्रै चरम असन्तुष्टि पैदा भएको छ । नेकपाका प्रभावशाली नेता राजनीतिक विश्लेषक घनश्याम भुसालले गरेको टिप्पणी नियाल्दा नेकपामा सम्मेलनप्रति रहेको तीव्र असन्तुष्टि स्पष्ट हुन्छ । नेता भुसाल लेख्छन– 'विगत केही दिनमा नेताहरूको सांस्कतिक अधपतन र नग्नताको जुन राष्ट्रिय परेड प्रदर्शन भयो, त्यसको मूल्य यस मुलुकका सन्तान–दरसन्तानले लामो समयसम्म तिर्नुपर्ने हुन्छ ।' वास्तवमा धर्मलाई अफिम ठान्ने कम्युनिस्ट नेताहरू क्रिश्चियनको धर्मसभाका मूल परोहित बन्नु आफैंमा हास्यास्पद र लज्जास्पद विषय बनेको छ ।

सरकारले अघिल्लो हप्ता मात्र श्रमिकको लागि योगदानमा आधारित पेन्सनको व्यवस्था तामझामका साथ घोषणा गऱ्यो । यो घोषणा गरिएको कार्यक्रम प्रशंसनीय भए तापनि घोषणामा देखाइएको महाराजा शैलीको आलोचना अहिले पनि सेलाएको छैन । प्रधानमन्त्रीका चोक चोकमा रंगिन कलेवरका तस्बिर झुन्डयाएर नयाँ युगको सुरूवातको प्रचार गर्नु र केही दैनिक पत्रिकालाई ज्याकेट ओढाएर प्रधानमन्त्री र श्रम मन्त्रीको फोटो प्रचार गराएर राष्ट्रिय ढिकुटीको लाखौं स्वाहा पार्ने शैली सर्वत्र विरोध र आलोचना भएको छ । बलात्कारपछि हत्या गरिएकी बालिका निर्मला पन्तको तस्बिरबाट तर्सिने सरकारले आफना तस्बिर प्रचार गराएर लोकप्रिय बन्ने ढोंगी नाटक मञ्चन गरेको छ ।

सरकारको लोकप्रियता प्रायोजित फोटो प्रदर्शनले कदापि बढाउँदैन । सरकारको कद घटाउने एकपछि अर्का कार्यहरू सतहमा आइरहेका छन । नेपाल वायुसेवा निगमको साढे ६ अर्ब घोटाला होस या निर्मला पन्तको न्यायको खोजीको विषय होस, यसले सरकारमाथि गम्भीर प्रश्न उठाएको छ । हत्या, हिंसा, महँगी, बेरोजगारी, गरिबीले आम जनता पिरोलिएका छन । मुलुक व्यापार घाटाले उठन नसक्ने गरी थिचिएको छ । विकास निर्माण कछुवा शैलीमा मात्र अघि बढेको छ । यस्तोमा सरकारको ध्यान कता हुनुपर्ने हो प्रश्न गम्भीर छ ।

# पाखण्डीहरूको करामत अचम्मको हुँदो रहेछ



**सुरेन्द्र ढकाल**
**पोलिटब्युरो सदस्य**
**(नेकपा माले)**

भन्नुपर्दा अहिले नेपालमा कम्युनिष्टहरुको शासन छ । व्यवहारमा उनीहरु कति कम्युनिष्ट छन् भन्ने कुरा उनीहरु र उनीहरुलाई कम्युनिष्ट मानेर चुनावमा दुई तिहाई मत दिई जिताउने मतदाताहरुलाई नै थाहा होला । तर कम्युनिष्टहरुले धर्मलाई अफिम मान्छन्, सामन्तहरुले श्रमजीवि जनतामाथि हुने शोषण यही धर्मकै आडमा गरेको हुनाले उनीहरुले त्यसो भनेका होलान । हुन पनि चीनमा भएको सांस्कृतिक क्रान्ति राष्ट्रको कुनै धर्म हुँदैन भन्ने बुझाइको आधारमा नै गरिएको थियो होला ।

नेपालको पछिल्लो संसदीय चुनावअघिको संविधानसभाको दुई तिहाईभन्दा बढीले अनमोदन गरी बनाएको संविधानले नेपाललाई धर्म निरपेक्ष राष्ट्र मानेको छ । त्यसको अर्थ राज्यको कुनै धर्म हुँदैन । जनताले कुन धर्म मान्छन् भन्ने कुरा उनीहरुकै मानव अधिकारको कुरा हो भन्ने कुरालाई संविधानले मानेको हो ।

तर संविधानअनुरुप बनेकी राष्ट्रपति विद्याले सरकारी सुविधा प्रयोग गरी राजा महाराजालाई पनि जित्ने शान सौकातका साथ दशैंभरी गरिएको शक्तिपिठहरुको दर्शन र पूजाआजालाई हेर्दा, उनले प्रधानमन्त्रीदेखि सर्वसाधारण जनतालाई लगाइदिएको टीका देख्दा यिनीहरु कम्युनिष्ट हुन कि पाखण्डीहरु हुन् भनेर छुट्याउन गाहारो भएको छ ।

संसार भरीका देशहरु कि किश्चियन, कि मुस्लिम, कि बुद्धिष्ट र केही धर्म निरपेक्ष छन् । हिन्दु राष्ट्र संसारमा नेपाल मात्रै एउटा थियो । त्यसले नेपालको एकमात्र हिन्दु राष्ट्रको पहिचान थामेको थियो । माओवादी जनयुद्ध भारतको इशारामा राजतन्त्रको जरो उखेल्ने सफल योजना रहेछ भनेर अहिले आएर थाहा भयो । त्यति मात्रै होइन, नेपाललाई क्रिश्चियन धर्ममय बनाउन पनि त्यो जनयुद्धले पश्चिमाहरुको इसारामा काम गरेको रहेछ र यसै आधारमा दुई तथाकथित पाखण्डी कम्युनिष्ट दलहरु एक भएका रहेछन् भनेर अहिले भएको एसिया प्यासिफिक सम्मेलनले झनै प्रष्ट पारेको छ ।

झनै हाँसोलाग्दो कुरा त के भयो भने नेपालको इतिहासमा पहिले कहिले नभएको हत्या, बलात्कार, भ्रष्टाचार र कुशासनका घटनाहरु घटिरहेको अहिलेको अवस्थामा क्रिश्चियन गुरुआमाले यसै अन्तर ाष्ट्रिय सम्मेलनको अवसरमा रु एक लाख डलरको सुशासनको पुरस्कार ओलीलाई दिनुले क्रिश्चियनहरुको सुशासनको मोडेल कस्तो हुँदोरहेछ भन्ने पनि प्रष्ट हुन पुगेको छ । त्यसवापत ओलीले गरेको क्रिश्चयन गुरुआमाको पाउपूजाले समस्त नेपालीको शीर निहुराउने अवस्था सिर्जना गरिदिएको छ ।

आफ्ना जनतालाई लखेटी विदेशमा शरणार्थी बनाएवापत पाएको नोवेल शान्ति पुरस्कार खोसिएकी म्यान्मारकी आङ सान सुकीलाई स्वागत गर्न पाउँदा गौरवान्वित बन्ने ओली सरकारले यस सम्मेलनको लागि राष्ट्रको ढुकुटीबाट जुन धनराशी खर्च गरेको छ । त्यसले नेपालका हिन्दुमात्रैलाई नभई विश्वकै हिन्दुहरुलाई पनि ठाडो चुनौति दिएको अवस्थामा के धर्म निरपेक्ष संविधान त टिक्ला, के यो संविधान क्रिश्चियन धर्म सापेक्ष हुन लागेको त होइन भन्ने प्रश्नहरु पनि त्यतिकै उठेको छ । यस स्थितिमा उत्तरी छिमेकी चीन र दक्षिणको भारतले यसलाई कसरी मूल्यांकन गर्ने हो भन्ने पनि अर्कोतर्फ कौतुहलता सिर्जना गरेको छ । यी सबै पाखण्डीहरुको करामतको फल होइन भन्ने आधार छैन । यसले देश र संविधानलाई कता लान्छ भनेर भन्न सकिने अवस्था पनि छैन । पाखण्डीहरुको करामत अचम्मको हुँदो रहेछ ।

# चुरे संरक्षणको खाँचो



**जगदीश लामिछाने**
रौतहट, पौराई

छिमेकीहरु विकसित र अरु देशहरुले पनि प्रकति संरक्षणमा ध्यान दिएको देखिँदैन । यिनैको अनुकरण गरी प्रत्येक घर बनाउने नक्सा पास गर्दा जमिनभित्र पानी पठाउने उपयुक्त अनिवार्यता हाम्रै नेपालमा पनि लागू गरिएको छैन । चीनको तिब्बत ल्हासामा तापक्रम बढेको पत्रिकाहरुमा पढदै छौं । हिमालयमा कालापहाड देखिन लागेका छन । मेलम्चीको पानी काठमाडौं ल्याउन सुरु गरेको समयभन्दा अहिले घटिसकेको छ भन्न लागेका छन । यस्तै अवस्था भएकाले महेन्द्र राजमार्ग र अरु पूर्व पश्चिम राजमार्गहरुकै पनि सहयोगले चुरे पहाडको संरक्षण गर्नु नै अति आवश्यक भइसकेको छ । यसबाट थोरै भए पनि वन र वातावरणमा सघाउ पुग्ने नै छ ।

नेपालमा बाघ गैंडा आदि संरक्षणको तारिफ धेरैले गरेका छन । यिनै बाघहरु भारततिर छिरेपछि नफर्कने हुँदा निजगढदेखि नवलपरासी दाउन्नेबाहेक अन्यत्र महेन्द्र राजमार्ग उत्तरतर्फ चुरे संरक्षण गरी त्यतै बाघ हुर्काउनु अत्यावश्यक समेत देखियो । तराईको मलिलो भूमिमा बालुवा ढुंगाको लेदो नजाओस पानी सुक्ने समस्या नहोस भनेर पनि चुरेको संरक्षण जरुरी भएको छ । चुरेको पहाड कमलो छ । सुरम्य पनि छ, त्यहाँ पशुपक्षी र बोटबिरुवाहरुको बाहुल्य नै सुहाउँछ । मेचीपूर्व कुखुराको घाँटी जस्तो अर्थात अहिलेको बंगलादेश र नेपालबीचको सानु भागदेखि बंगलादेशको थोरै भाग हुँदै टिस्टा र ब्रह्मपुत्रको संगमसम्मको मेची पूर्वको भाग तथा महाकाली पश्चिमतर्फ डडेलधुरा दक्षिणको सोझैको भाग हुँदै गंगा जमुना तथा सतलज वारिसम्मै चुरे छ । यतापट्टि पश्चिमबाट डडेलधुरा, अछाम, सुर्खेत, दाङ, चितवन, मकवानपुर, सिन्धुली र उदयपुरका समग्र दक्षिणी भाग चुरेमै टाँसिएका छन । त्यही नै चुरे हो । यसको संरक्षण हामीले गर्नैपर्छ । कुनै बस्ती चुरेभित्र भए तिनलाई राजमार्ग दक्षिण जान प्रेरित गर्नुपर्छ ।

डडेलधुराको सोझै दक्षिण रहेको कञ्चनपुर यस्तै डोटी अछाम, सुर्खेत दक्षिणको बर्दिया र बाँके दाङ दक्षिण घोराही चितवन, मकवानपुरतर्फको बारा तथा पर्सा सिन्धुली दक्षिण हरिओन, लालबन्दी र उदयपुरतर्फ यस्तै सप्तरी तथा काँकडभिट्टा आदि चुरेबाहिर तराईतर्फ भए पनि धेरै व्यक्तिको आर्थिक, सांस्कतिक उत्तर दक्षिण दुवैतिर गाँसिएकै छन र मनमोहक समेत छन । चुरेमा जथाभावी उत्खनन गर्न दिएर दुवैको आपसमा मनोमालिन्य हुन दिनु हुँदैन, चुरेको वनमा तराईका यी सबैले पनि आफनै हानी हुने काम गर्नु भएन । वस्तुलाई दानापानी दिएर स्याहार गरेर मात्र उपलब्धि लिएजस्तै सबै उत्तर दक्षिणका नेपाली मान्छेहरुले आपसमा मिलेर मात्र चुरे संरक्षण हुन्छ र सरकार पनि समर्थ हुन्छ । हरियाली जोगाएर विश्व स्तरमा पाउने पुरस्कार लिन संयुक्त रुपको सहयोग समेत नभई हुँदैन ।

सार्वजनिक वन मात्र हैन, अहिले कबुलियती वन पनि वन मन्त्रालयको सहयोगमा ठाउँठाउँ हुर्काइएका छन । त्यस्ता वनहरु चुरे क्षेत्रमै हुनुपर्दा त थोरै मात्रामा ठीकै हो तर बसोबास चुरे बाहिरै चाहिन्छ । यस्तै जडीबुटी तरकारी सखरखण्ड आदि खेतीमा पनि नीति कायम गरेपछि मान्छेहरु क्रमशः बाहिर बस्न प्रेरित हुन्छन । अहिले सरकारी जग्गामा बस्ने होड पनि एउटा बाधक हो, त्यसमा अत्यावश्यक कडाई नगरी चुरे सुरक्षित हुँदैन ।

अहिले द्रुत मार्गको अत्यावश्यक भई बारा निजगढसम्म तयार हुँदैछ । त्यस्तै काठमाडौं विमानस्थलको विकल्प बाराकै निजगढमा बन्ने भएको छ । त्यसमा अत्यावश्यक मात्र जमिन प्रयोग गर्न बस्ती तथा सहरहरु सिमरातर्फ नै राख्नुपर्छ । द्रुतमार्गमा त पहिल्यै नियम बनेकै छ । द्रुत मार्गले बीचमा रेलको तथा मोटरको मान्छेहरु चढाउने उतार्ने स्थान अती कम राख्नु त छँदैछ, नजिकै पर्सा वन्यजन्तु आरक्ष भएको र त्यहाँबाट आउने बाघ हात्ती आदिको लागि चुरे टाँसिएकै स्थानमा द्रुतमार्गले गेट राख्नैपर्छ । जति सरकारी नियमले रुख रोप्नुपर्छ अर्थात १ रुखको २५ रुख प्राकतिक चुरेमै उपर्युक्त विमानस्थल क्षेत्र र द्रुतमार्गका रुख काटिएको पुरकको रोप्ने स्थान चुरेमै हाम्रो वन मन्त्रालयले तुरुन्त छुटयाइ रोप्न लगाउनु नै पर्छ । यसैबाट चुरेलाई सहयोग हुने हो । यी सबै रुख चुरेमा रोपिने भएपछि कामले नै चुरेको सुरक्षा हुन्छ, अन्यत्र रोप्नुपर्ने भए बाटाहरुकै छेउ पछि रोपौंला ।

अहिले वनको प्राविधिक जनशक्ति विशेष गरेर हेटौंडास्थित शिक्षा केन्द्रले तयार गर्छ । त्यसमा बढीजसो तराईका वनमा २ नं. क्षेत्रका बासिन्दा शिक्षित भएको देखिन्छ । अर्कातिर कषि तथा वन विश्वविद्यालय चितवन रामपुरले आरोपहरुको सामना गर्नु परेको देखिन्छ । यी सबैमा धेरैथोरै भ्रष्टाचार पनि लुकेको होला, ती हटाउन चुरे हितमै संघीय वन मन्त्रालयको ध्यान खिच्न अत्यावश्यक विद्यार्थीलाई उपयुक्त समयपछि चुरे क्षेत्रमै काम गरी त्यहाँको वातावरण जोगाउने शर्तमा ऋण सहयोग दिई वनको संघीय क्षेत्रले उपयुक्त विश्वविद्यालयलाई अनुबन्धित गराउनुपर्छ । यसरी पनि चुरेको वन तथा वनमा आश्रित जनावर तथा ढुंगामाटो र जल संरक्षण हुन्छ । तराई पहाड दुवैको सुरक्षा गर्न सकिन्छ ।

अर्को अति महत्वपूर्ण कुरो चुरे नछोई दक्षिणबाट महेन्द्र राजमार्ग र रेल्वे बनाउँदा त चुरे उत्खनन गरेर विदेशमा ढुंगा गिटी जोडले बेच्ने होड चलेको रोक्न सरकारलाई गाह्रो परेको छ । यसबखत हेटौंडाबाट पूर्व चुरे नै छोएर धरानतर्फ तयार नै भइसकेको छ । त्यहाँ त्यो बाटोको दक्षिणतर्फ चुरेमा एक घर पनि बन्न दिनु हुँदैन । नारायणघाट पश्चिमतर्फ पनि सरकारको विचार भए पनि बाटो बनाउनु श्रेयस्कर छैन । यसबाट चुरेलाई हानि नै हुन्छ लाभ हुँदैन । यो २१६ औं स्तम्भ लेख हो ।

## स्टालिन र माओको जीवनमा दृष्टि नपुगेका केही दूरगामी सवालहरू

**मनसुन**

# जोसेफ स्टालिन–२५

राज्यसत्तामा यस्तो किन हुन्छ ? आज विश्वव्यापी रूपमा कम्युनिस्ट र क्रान्तिकारी जनतालाई यो ज्यादै गम्भीर दुःख र निराश पार्ने कुरा छ– जनताको विजय हुनलाई दशकौंसम्म युद्धमा भाग लिनुपर्ने र करोडौंले बलिवेदीमा चढ्नुपर्ने तर हार्ने बेलाचाहिँ वावैरीले जित्ने बेलाचाहिँ त्यसले कुनै बलिदान दिनु नपर्ने !बरू सजिलै जित्न सक्ने !अर्थात्कम्युनिस्ट पार्टीको एक शिर्षस्थ नेताको निधनपश्चात् मुलुकको कम्युनिस्ट सत्ता पूर्णपतनको बाटो किन लाग्छ ?

कुनै बेला अर्थात्४० वर्षअगाडि विश्वको एकतिहाइ आवादीमा समाजवादको उज्यालो ज्योति छाएको थियो । मार्क्सवाद, लेनिनवाद र माओवादको सिद्धान्तअनुसार ती मुलुकहरूले बाँकी एसिया, पश्चिम युरोप, उत्तर–दक्षिण अमेरिका, अफ्रिका, अस्ट्रेलियाका सामन्तवादी र पुँजीवादी मुलुकहरूलाई घेर्दै मुक्त तुल्याउनुपर्थ्यो र महान् साम्यवादी समाजका लागि ढोका खुल्नुपर्थ्यो । तर विज्ञानले भन्छ–हरेक वस्तुको विकासमा ठीक समयमा ठीकठीक कुराहरू हुनुपर्छ, तब मात्र वस्तुको विकास स्वाभाविक भएर जान्छ । त्यसो भएन भने त्यसको विकासमा विकृति आउँछ र बिस्तारै विनाश हुन सक्छ ।साँच्चि नै इतिहासमा त्यही भयो । उपमाका लागि पूर्वी युरोप मुक्त गर्ने सोभियत रूसले स्वतन्त्र, सार्वभौम मुलुक युगोस्लोभियामा सशस्त्र सैनिक हस्तक्षेप गर्नु, अफगानिस्तानमा आक्रमण गर्नु, साम्राज्यवाद विरूद्धसयौं वर्षअगिदेखि लड्दै आएको भियतनामले जनवादी गणतन्त्र कम्पुचियामाथि सशस्त्र आक्रमण गर्नु; सामन्तवाद र साम्राज्यवाद विरूद्ध वर्षौंअगिदेखि लड्दै आएको चीनमा पुनः साम्राज्यवादीहरूलाई ढोका खुल्नु र व्यक्तिगत पुँजीको जन्म हुनु आदि । एकै शब्दमा भन्नुपर्दा समाजवादी समाज व्यवस्थाहरू स्वअन्तरध्वंस हुनु हो ।

विश्व कम्युनिस्ट आन्दोलन आज सङ्कटमा गुज्रिरहेछ । अझ सोभियत रूस टुक्राटुक्रा हुनाले त झन् यो कुरा घामजत्तिकै छर्लङ्गभएको छ । विश्वका धेरै मुलुकका धेरै कम्युनिस्ट पार्टीका नेता र विद्वान्हरू 'स्टालिन र माओको जीवनमै गम्भीर गल्तीहरू भएका थिए, जुन कारणले आज परिस्थिति यति सङ्कटमा आइपुग्यो'एकमतले भन्दैगुरूहरूका कमीकमजोरी, गल्तीहरू औंल्याएका छन् । तर उनीहरूका कुनै तर्क वास्तविकतादेखि टाढा छन् भने कुनै मामुली सवालहरू मात्र छन्, आधार भूत विषय औंल्याइएको छैन भन्ने यस लेखकको मत छ । स्टालिनको विषयमा त माथि धेरै छलफल भयो ।अब माओको विषयमा छोटो चर्चा गरौं ।

स्टालिनले आफ्न समयमा सामाजिक क्रान्तिको आवश्यकता देखेनन्, भनौं एकनिष्ठ परिवारभत्काएर सामूहिक परिवार निर्माण गर्न मार्गदर्शन गरेनन् । यो पहिलो गल्ती थियो भने हाइड्रोजन बम बनाउनु दोस्रो बिराम थियो ।अझ माओले त स्टालिनबाट भएका ती दुवै गम्भीर गल्तीहरू मात्र दोहोऱ्याएनन्, थप तिन गम्भीर त्रुटि गर्न पुगे ।

**१. सर्वहारावादी सांस्कृतिक क्रान्तिको घोषणा**

अध्यक्ष माओले चीनको दोस्रो क्रान्तिकारी युद्ध अर्थात् भूमि क्रान्तिताका भनेको छ– "चिनियाँपुरूषहरूमाथि प्रायः तिन किसिमका सत्ताले थिचेको छ : (१) राज्य व्यवस्था (राजनीतिक सत्ता) जुन राष्ट्रिय, प्रान्तीय र काउन्टी सरकारदेखि लिएर स्याङसम्मको सरकार छ; (२) खानदानी व्यवस्था (खानदानीको सत्ता) जुन पुर्खौंदेखि केन्द्रीय मन्दिर र उसका शाखाहरूदेखि लिएर घरको हुकुम चलाउनेसम्मर (३) देवीदेवता तथा दैत्यदानवहरूको व्यवस्था (धार्मिक सत्ता),जसमा यमराजदेखि नगर देवता र स्थानीय देवताहरूतथा पातालको व्यवस्था र स्वर्गको राजदेखि लिएर किसिम किसिमका देवीदेवता र दैत्यदानवहरूसम्मको व्यवस्था आउँछ । जहाँसम्म नारीहरूको सवाल छ, उनीहरूलेयी तिन सत्ताबाहेकथप पुरूषको प्रभुत्व (पुरूषप्रधान सत्ता) समेत सहनुपरेको छ ।" (माओ त्से तुङका सङ्कलित रचना, ग्रन्थ १, 'हुनान किसान आन्दोलनको जाँचपडताल')

*(क्रमशः)*

# मैले देखेको त्रिहत्तरौं विश्व प्राकृतिक सम्पदा: स्टाभान्गारको फिओर्ड


सुरेन्द्र ढकाल



फिओर्ड देखाउन लैजाने समुद्री क्रुज




फिओर्डहरू यस्ता देखिन्छन्




फिओर्डमा पर्यटकहरू




माथिबाट खिचिएको फिओर्डको दृश्य



नर्वेली मित्र जमघटमा नेपाली लोकगीत गाउँदै सुरेन्द्र



फिओर्डमा सुरेन्द्र सन् १९८९ मा

नर्वेको राजधानी ओस्लोबाट रातिको ११ बजे छुटेको रेल बिहान ६:४५ बजे स्टाभान्गारको रेलवे स्टेसनमा आएर रोकियो । म स्टाभान्गार आउनुको पहिलो उद्देश्य त्यहाँ माम्मी सुन्ड्ट नामक एक नर्वेली महिलालाई भेटनु थियो जसलाई मैले इटालीमा इटालियन भाषाको प्रशिक्षण लिँदा सन् १९८५ मानै चिनेको थिएँ र आफ्नो नर्वे जाने योजना पहिलेदेखि नै भएकोले उनीसँग मेरो वर्षमा तीन-चार पटक चिठीपत्र आदानप्रदान हुने गर्दथ्यो । अनि हरेक चोटी उनले मलाई नर्वे आउँदा फिओर्ड अवलोकन गर्न स्टाभान्गार आउनु, त्यहाँ उनको आफ्नो घर भएको कुरा भन्थिन । बस्न खान सबैको ब्यवस्था भएको कुरा बताउँथिन । स्टाभान्गारको रेलवे स्टेशनमा आएपछि पहिले आफ्नो नुवाइ धुवाइ त्यहीको शौचालयमा गरी त्यहीकै रेष्टुरामा एक कप कफी र एउटा क्रोशन खाएँ । त्यति गर्दा बिहानको ७:१० भएको थियो । त्यहाँबाट माम्मी सुन्ड्टलाई फोन गरी आफू आइपुगेको खबर गरेँ । उनले मलाई स्टेशनमा नै आधा घण्टा कुर्ने सल्लाह दिइन् र करिब ७:४५ मा उनी मलाई लिन स्टेशन आइपुगिन् । स्टेशनबाट उनको कारमा घर पुग्न १० मिनेट मात्रै रहेछ । घर पुगेपछि मैले उनलाई नेपाली दालभात पकाएर खुवाउने आफ्नो योजना सुनाएँ । उनले पनि त्यो स्वीकार गरिन । त्यसपछि हामी दुवै अगाडिको सुपर मार्केटमा गएर चामल, मुसुरोको दाल अनि काउली किन्यौ । करिब ११:४५ बज्दा मैले नेपाली लन्च तयार गरिसकेको थिएँ । हामी दुवै मिलेर दाल भात तरकारी खायौं र केही वेर आराम गरी दिनको ३ बजेतिर हामी स्टाभान्गार शहर घुम्न निस्कियौं । घुम्ने क्रममा बेलुका उनका सबै नर्वेली साथीहरु एकजनाको घरमा जम्मा हुने, गीत गाउने अनि नर्वेली डिनर गर्ने योजना भएको र त्यो जमघटमा म पनि आमन्त्रित भएको उनले मलाई जानकारी गराइन् । मैले त्यो निम्तालाई सहर्ष स्वीकार गरेँ । शहर घुम्ने क्रममा त्यहाँको बन्दरगाहमा रहेको माछा बजार हामीले अवलोकन गऱ्यौं । त्यहाँ माछाको अतिरिक्त ठूलाठूला गँगटाहरु पनि बिक्री हुँदो रहेछ र गँगटा नर्वेलीहरुको मुख्य खानाभित्र नै पर्दो रहेछ भन्ने थाहा पाएँ । करिब बेलुकीको ६ बजे हामी जमघटमा भाग लिन माम्मीको एक मित्रको घरमा पुग्यौं । त्यहाँ बाह्र-तेह्र जना महिला पुरुष जम्मा भएका रहेछन् र हामी पुग्नासाथ चिनजानी गर्ने कार्य गरियो । त्यहाँ जम्मा भएका मित्रमध्ये एकजना त्यहाँको प्रख्यात गिटारिष्ट रहेछन । उनले चार-पाँच वटा नर्वेली लोक गीत गाएर सुनाए । म आफू पनि थोरै थोरै गीतार बजाइ गीत गाउने भएको हुँदा मैलै पनि दुई तीन वटा नेपाली लोक गीत उनीहरुलाई सुनाएँ । मेरो गीत सुनेपछि उनले एउटा नेपाली गीत रोमन अंग्रेजीमा लेखिदिन अनुरोध गरे बमोजिम मैले चिसोचिसो हावामा...... भन्ने गीत लेखिदिएँ । त्यसपछि उनले मलाई त्यो गीत फेरि गाउन अनुरोध गरे, मैलै गाएँ, उनले रेकर्ड गरे र चार-पाँच पटक दोहोऱ्याई दोहोऱ्याइ सुनेपछि उनले त्यो गीत गाएर हामीलाई सुनाए । एक जना नर्वेलीले नेपाली गीत गाएको त्यो पनि केही समयमा सुनेको भरमा, विश्वास नै गर्न नसकिने भयो मेरो लागि । उनले ठूलो ताली पाए र आउने क्रिसमससमा त्यो गीत सार्वजनिक रुपमा गाउने उनले प्रतिबद्धता जाहेर गरे । त्यस कुराले मलाई निकै आनन्दित बनायो । तत्पश्चात हामी नर्वेली रात्रि भोज गर्नेतर्फ लाग्यौं । उसिनेको गँगटा, मटरकोसा र उसिनेको आलु त्यस रात्रि भोजको मुख्य खाना थियो । खाना खाएर घर फर्कंदा रातको १० बजेको थियो । सूर्यास्त हुने छाँटकाँट थिएन । घर आएपछि माम्मीले मलाई भोलि क्रुज चढेर फिओर्ड हेर्न जाने जानकारी गराइन् । भोलिपल्ट बिहान उठ्दा आठ बजेको थियो । ब्रेकफाष्ट सकेर घरबाट निस्कँदा ९:१५ भएको थियो । त्यहाँबाट हामी स्टाभान्गारको बन्दरगाह पुगेर क्रुजमा चढ्यौं फिओर्ड हेर्न भनेर ।

**के हो फिओर्ड ?**

नर्वे पुग्नुभन्दा अगाडि मलाई फिओर्ड के हो भन्ने जानकारी थिएन । त्यसैले होला म ज्यादै उत्सुक थिएँ । हुन पनि बन्दरगाहबाट हरेक आधा आधा घण्टामा एउटा क्रुज टन्नै पर्यटक लिएर फिओर्डको लागि छुट्ने रहेछ । क्रुज चढेपछि माम्मीले मलाई फिओडबारे जानकारी गराइन् । फिओर्ड हिम नदीले अंग्रेजी अक्षर युको आकार काटेको ठूला ठूला समतल अग्ला समुद्रको जगमा ठडिएको चट्टानको समूह रहेछ । यस्ता दुई चट्टानको बीचको ताल हुँदै पानीजहाज क्रुज अगाडि बढ्दो रहेछ । हाम्रो सेती र काली नदीले बनाएको साँघुरो गल्छीको ठीक विपरीत फिओर्ड बीचको गल्छीहरु धेरै चौडा हुने अनि कहीँ त ससाना उपत्यका जस्तै देखिने रहेछ । दुवैतिरको कडा धारिलो अनि भिरालो चट्टान, केही चट्टान बीचबाट निस्केका झरना, फिओर्डको तल्लो भागमा रहेको हरियाली, सफा स्वच्छ निलो पानीले हरेक पयर्टकको मनलाई आनन्दित गर्दो रहेछ । क्रुजको छतमा बसी फिओर्ड बीचको गल्छी हुँदै अगाडि बढ्दा स्वर्गीय आनन्दको अनुभव हुने रहेछ । पर्यटकको इच्छाबमोजिम क्रुजमा बसी फिओर्ड अवलोकन ३ घण्टादेखि लिएर लगातार ३ दिनसम्म गर्न सकिने रहेछ । फिओडबारे जानकारी दिने क्रममा माम्मीले नर्वेको २५ सय किलोमिटरको समुद्र किनारमा १२०० फिओर्डहरु भएको बताइन् । यी फिओर्डहरु प्रागऐतिहासिक कालमा हिम नदीहरु पग्लने क्रममा बनेका रहेछन् । यी फिओर्डहरुको जग समुद्रको सतहभन्दा पनि गहिरोसम्म हुने गर्छन् भन्ने पनि थाहा पाइयो । पानीको गुणस्तरको कुरा गर्दा फिओर्ड बीचका तालहरु हिउँदमा स्वच्छ सफा पानीको हुने र यिनीहरु उत्तर एटलान्टिक नुनिलो महासागरसँग जोडिएको कारण फिओर्ड बीचको ताल र समुद्र जोडिने ठाउँहरुमा कतै ताजा पानी र कतै नुनिलो पानी र कतै दुवै गुणका पानी मिसिएको अवस्थामा हुने जानकारी पनि पाइयो । तर वर्षाकालमा आकासे पानी परेको कारण फिओर्ड बीचको तालको पानीको सतह बढ्न गई समुद्र र तालको दोभान इलाकाका पानीहरु धेरै कम नुनिलो हुने गर्दछन् भन्ने थाहा लाग्यो ।

करिब तीन घण्टा क्रुजमा बसी फिओर्ड, त्यस बीचको ताल, झरना उपत्यका हेरी स्टाभान्गार बन्दरगाहमा फर्कंदा दिनको दुई बजिसकेको थियो । माम्मीले अर्को एक दिन स्टाभान्गार बस्ने अनुरोध गरेकी थिइन् तर युरेलको १५ दिने टिकट अवधि सकिनुअगावै म जर्मनी फर्किसक्नुपर्ने कारण त्यसै दिन राति ११ बजेको रेल लिएर ओस्लो फर्कने उद्देश्यसहित घर फर्की आफ्नो रुकसेक लिएर रेलवे स्टेसन आएँ । माम्मीले मलाई रेलवे स्टेशन पुऱ्याइ दिइन्, उनलाई नेपाल भ्रमण गर्ने निम्तो दिएर म स्टाभान्गारबाट विदा भएँ ।

Remember us for the Construction of Private and Public Works
EWES East West Engineering Service Pvt. Ltd.
Consulting Architects, Engineers & Planners
GPO box no : - 8621, Kathmandu Nepal
Phone : +977-1- 4373316 , Fax- 4650203
Website: http://www .ewesnepal .com ä®:
E-mail: info@ewesnepal .com , hbgewe@gmail .com

SOS MANPOWER SERVICE (P) LTD.
www.sosmanpower.org
विश्वसनीय र भरपर्दो वैदेशिक रोजगारका लागि हामीलाई सम्झनुहोस्
ISO 9001 JAS-ANZ
Handphone : 9851024628
G.P.O. Box : 3565, Dhapasi, Kathmandu, Labour Dept. Lic. No. : 80/052/53
Tel : 01 4365986 Fax : 01 4365985, Email : sosierra@wlink.com.np

दाँते सोसाइटी नेपाल
नयाँ बानेश्वरमा इटालियन, अंग्रेजी र जर्मन भाषा सिकी आत्मनिर्भर बनौं ।
फोन : ९८५१०२३६७०, ४४४१८१२

Office Equipment Problems?
Get your solution today!
CrossWeb Office Automation Pvt. Ltd.
sales - service - support
happy to help
Same day service including:
:: Selection of Office Equipment
:: Sales & Services of Office Equipment
:: Network Setup and CCTV Surveillance Installation
:: Sales & Services of EPABX & Security Equipment
:: Data Backup and Recovery
:: Server & client configuration etc.
Our qualified technicians guarantee all of our work and parts.
Call us today for free advice and estimates
977 1 4444531, 4444532, 9851051003
E-mail: crossweb@mail.com.np; www.crossweb.com.np/contact
https://www.facebook.com/crossweb.automation.3

घर शान्ति नै विश्व शान्तिको आधार : दिगो विकासका लागि लैंगिक हिंसारहित समाज
"From the peace in the home to peace in the world make education"
नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# जलवायु परिवर्तनले बढाएको जोखिम

जलवायु परिवर्तनले विश्वभरका मानिस अत्यधिक तापको जोखिममा रहेको विज्ञहरूले बताएका छन् । जलवायु परिवर्तनले मुटु तथा किड्नी रोगको खतरा बढेको, तनाव बढाएको र अन्य तापसँग सम्बन्धित मृत्यु निम्त्याएको वैज्ञानिकहरूले चेतावनी दिएका छन् । वैज्ञानिकहरूले बिहीबार एक अनुसन्धान सार्वजनिक गर्दै जलवायु परिवर्तनले स्वास्थ्यमा प्रत्यक्ष असर गरेको बताएका हुन् ।

विश्वव्यापी तापक्रम वृद्धि सहरिया जनसंख्या र दीर्घरोगीका लागि बढी जोखिमपूर्ण रहेको अध्ययनमा जनाइएको छ । धेरै वृद्ध मानिसहरू सहरमा बसोवास गर्ने भएकाले युरोप र पूर्वी भूमध्यसागरका मानिसहरू अफ्रिका र दक्षिणपूर्वी एसियालीको तुलनामा स्वास्थ्यका दृष्टिले बढी जोखिममा रहेको अध्ययनमा जनाइएको छ । सो अध्ययन ल्यान्सेट मेडिकल जर्नलमा प्रकाशित छ ।



जलवायु परिवर्तनले कल्पनै गर्न नसक्ने खतरा निम्त्याएको विज्ञहरूले औंल्याएका छन् । 'जलवायु परिवर्तनको असरले वर्तमान तथा भविष्यमा स्वास्थ्यमा अकल्पनीय जोखिम बढाएको छ,' बेलायतको योर्क विश्वविद्यालयका प्राध्यापक तथा अनुसन्धान समूहका सदस्य हिलारी ग्राहमले भने । स्वास्थ्य र जलवायु परिवर्तनसँग सम्बन्धित २७ वटा प्राज्ञिक संस्थाहरूका लेखन र अनुसन्धानलाई आधार मानेर वैज्ञानिकहरूले पछिल्लो अनुसन्धान सार्वजनिक गरेका हुन् । अनुसन्धानमा पर्यावरण, राष्ट्रसंघ र विश्वभरका अन्तरसरकारी निकायका विज्ञहरूको धारणालाई पनि समेटिएको छ ।

प्रतिवेदनका अनुसार सन् २०१७ मा झन्डै १५ करोड ७० लाख जोखिमपूर्ण मानिस तापजन्य हावामा 'एक्सपोज' भएका थिए । अत्यधिक तापमा बस्नुपरेका कारण गर्त वर्ष लाखौं श्रमिकले ज्यान गुमाउनुपरेको अध्ययनले जनाएको छ । तापक्रममा हुने सानो परिवर्तन र वर्षाले पानीबाट हुने निश्चित प्रकारका संक्रमित रोगहरू एक व्यक्तिबाट अर्को व्यक्तिमा तीव्र गतिमा सर्ने गरेको अध्ययनले पत्ता लगाएको छ ।

अध्ययनको नतिजा प्रस्ट भएको जलवायु तथा स्वास्थ्यसम्बन्धी विज्ञ हाउवार्ड फ्रमकिनले बताएका छन् । 'जलवायु परिवर्तनले प्रत्यक्ष रूपमा हाम्रो स्वास्थ्यमा असर गरेको छ । जस्तै, अत्यधिक तापले डढेलो फैलने, खाद्यान्न उत्पादनमा ह्रास ल्याउने र संक्रमित रोग बढ्नुका साथै विश्वभरका मानिसले ठूलो मूल्य चुकाउनुपरेको छ,' उनी भन्छन् । जलवायु परिवर्तन र यसले निम्त्याउने समस्या नियन्त्रण गर्न सम्पूर्ण क्षेत्रलाई तत्परतापूर्वक कार्य गर्न उनले आग्रह गरेका छन् । 'पृथ्वी र हाम्रो स्वास्थ्यमा सम्भावित विनाशकारी असरबाट जोगाउन अहिलेदेखि नै महत्वपूर्ण कदम चाल्न जरुरी छ,' उनले भने ।

विश्व स्वास्थ्य संगठन (डब्लुएचओ)का अनुसार जलवायु परिवर्तनले स्वास्थ्य, स्वच्छ वायु तथा पानी, खाद्यान्न र आवासलगायत अनगिन्ती क्षेत्रमा प्रभाव पारेको छ । जलवायु परिवर्तनसम्बन्धी समस्याका कारण कुपोषण, हैजा, मलेरियाजस्ता रोग बढेको र तापजन्य तनावका कारण २०३० र २०५० को अवधिमा प्रतिवर्ष साढे दुई लाख मानिसको मृत्यु हुने डब्लुएचओको प्रक्षेपण छ ।

# रिठ्ठाको दाना दम र माइग्रेन रोगको अचुक औषधि

रिट्ठा एक किसिमको फल हो जसलाई सुकाएर साबुन, डिटर्जेन्ट र श्याम्पू बनाउन प्रयोग गरिन्छ। रिट्ठा र त्यसको पाउडर पनि सजिलै पाइन्छ । यसको प्रयोग कपाललाई बलियो र कालो बनाउनका लागि गरिन्छ अनि यसले स्वास्थ्य सम्बन्धी धेरै समस्या समाधान गर्छ ।



माइग्रेन माइग्रेन भएपछि शिरको आधी भागमा चर्को पीडा हुन्छ। रिट्ठाको प्रयोगले पीडाबाट राहत पाउन सकिन्छ। रिट्ठाको धूलोमा अलिकति मरिच र पानी मिसाउनुस् । यो घोललाई चारपाँच थोपा नाकमा हाल्दा माइग्रेनको पीडा भाग्छ। दम दमको रोगीलाई सास लिन अप्ठ्यारो हुन्छ अनि धूलो प-यो भने पनि खोकी लाग्न थाल्छ।

पाँच ग्राम रिट्ठाको धूलोमा २५० मिलिलिटर पानी मिसाएर काँढा बनाएर पिउँदा लाभ हुन्छ। दिनमा दुईतीनचोटि काँढा पिउँदा कफ ठीक हुन्छ र सास फेर्न सजिलो हुन्छ। दाँत दुखेको रिट्ठाका बिउलाई तावामा भुटेर त्यस बराबर फिटकिरी मिसाएर पिस्ने अनि दाँतमा दल्ने। धरै आराम हुन्छ।

आउँ पर्दा दिसासँग रगत आउँछ र असाध्यै पीडा हुन्छ भने आधा लिटर पानीमा रिट्ठाको धूलो हालेर पकाउने र चिसो भएपछि आधा कप पिउने। दिनदिनै यो पानी पिउँदा आउँ ठीक हुन्छ।

अनियमित रजस्वलाका लागि रिट्ठाको धूलो दुई ग्राममा अलिकति मह मिसाएर खाँदा रजस्वला नियमित हुन्छ र यस बेलामा हुने पीडाबाट राहत प्राप्त हुन्छ।

*- एजेन्सी*

# नेपाली आकाशमा बढ्दै हवाईयात्रु

**प्रदीप प्रसाइ**

काठमाडौं/विगत केही समययता सडक सवारी दुर्घटनाको दरमा अस्वभाविक वृद्धि हुँदै गएपछि यात्रुहरुमा हवाई यात्रा गर्ने प्रवृत्तिको विकास हुँदै गएको छ । देशमा दजनौं ठूला सडक दुर्घटना र हजारौं साना दुर्घटनाबाट हजारौं नागरिकले ज्यान गुमाइसकेका छन् भने लाखौं नागरिक घाइते र अङ्गभङ्ग बन्न पुगेका छन् ।

एकातिर सडक यातायातको अवस्था यस्तो कहालिलाग्दो छ भने हवाई यातायातको उड्डयन सुरक्षा व्यवस्थामा विगत छ महिनादेखि सुधार हुँदै आइरहेको छ । नेपालको परम्परागत हवाई सुरक्षा प्रणाली त्यति सवल, सक्षम र चुस्त दुरुस्त नरहेकाले यूरोपियन युनियनले नेपाली आकाश सुरक्षित नरहेको निष्कर्ष निकाल्दै ब्ल्याकलिष्टमा पारेपछि नेपाल नागरिक उड्डयन प्राधिकरणको सक्रियतामा अहिले हवाई सुरक्षा व्यवस्थापन गर्ने कार्यलाई कडाईका साथ लागू गरिएको छ । फलस्वरुप उड्डयन क्षेत्रमा दुर्घटनाका समाचारहरु आउन छाडेका छन् ।

नेपाल नागरिक उड्डयन प्राधिकरणले सुरक्षा दुर्घटनालाई न्यूनीकरण गर्न विशेषज्ञहरु नियुक्ति गरी आफ्नो कार्यलाई द्रुतगतिमा अघि बढाएको छ । जुन समूहले हवाई उडान अघि विमानका सम्पूर्ण सुरक्षा प्रणाली, इन्जिनको अवस्था, मौसम, पाइलटको मानसिक स्थिती, उडान हुने विमान वा हेलिकाप्टरको भार जस्ता कुराहरुलाई जाँची एयर अपरेशन सर्टिफिकेट दिने प्रणाली लागू गरेको छ ।

उड्डयन क्षेत्रलाई भरपर्दो र शुन्य दुर्घटनादरमा संचालन गर्ने वातावरण तैयार गर्दै अन्तरराष्ट्रिय नागरिक उड्डयन संगठनको मापदण्ड भित्र नेपाली विमान र हेलिकाप्टर कम्पनीहरुलाई ल्याए चाँडै नै यूरोपियन यूनियनले राखेको कालो सूचीबाट हटाउने कार्य अब अन्तिम चरणमा पुगिसकेको छ र प्राधिकरणले गर्नुपर्ने सुधारहरुमध्ये ९० प्रतिशत कार्य पूरा गरिसकेको छ । यसका लागि नेपालमा उडान गर्ने पाइलटहरुको लाइसेन्स नवीकरण गर्दा पाइलटहरुको उडान क्षमताको जाँच गर्ने कार्यलाई कडा पारिएको छ । यसका लागि इन्स्ट्रक्टर पाइलटहरुलाई प्राधिकरणले कडाइका साथ टेष्ट चेक गर्न निर्देशन जारी गरेको छ । अहिले हरेक पटकको उडानमा प्राधिकरणले पाइलट प्रोफिसिएन्सी चेक (पी.पी.सी.) अनिवार्य गरेको छ । विगतमा जहाज विशेषज्ञ अभावले पी.पी.सी.चेक नाममात्रको हुने गरेको थियो । जसबाट विमान दुर्घटनाको श्रृङ्खला बढेको निष्कर्ष निकालिएको थियो ।




नेपालमा अहिले उड्डयन उद्योग तीव्रगतिले अघि बढिरहेको छ । त्यस अनुपातमा नेपालको एयरपोर्ट अत्यन्तै सानो देखिन्छ । संसारमा आन्तरिक र अन्तरराष्ट्रिय उडानका लागि कहिँ पनि एउटै एयरपोर्ट प्रयोग गरिंदैन तर विडम्बना नेपालमा इन्टरनेशनल र डोमेष्टिकका रुपमा एउटै एयरपोर्टबाट काम चलाउनु परेको छ । फलस्वरुप एउटा आन्तरिक विमान रन वे मा बिग्रिएमा दर्जनौं अन्तरराष्ट्रिय विमानहरु गन्तव्यमा पुग्न नसकि सम्बन्धित मुलुक तर्फ डाइभर्ट हुने समस्या नेपालमा छ । यसको निदानका लागि वैकल्पिक विमानस्थलको व्यवस्था गरिनु जरुरी छ । साँघुरो विमानस्थलका कारण इन्जिन स्टार्ट गरी राख्दा र आकाशमा होल्डिङ्ग गर्दा जहाजको उडान खर्चमा भारी वृद्धि हुने गर्दछ ।

नेपालमा अहिले हवाई दुर्घटनाको दर उच्च रहेकाले विमान र हेलिकाप्टर संचालन गर्ने कप्पनीहरुले अन्तराष्ट्रिय विमान कम्पनीहरुकोभन्दा ३ गुणा बढिसम्म बीमा कम्पनीलाई प्रिमियम बुझाइरहेका छन्। यस्तो महँगो बीमा प्रिमियम बुझाउनुको कारण बढी विमान दुर्घटना र असुरक्षित आकाश नै हो । अहिले नेपाली विमान कम्पनीले कुल उडान खर्चको १० प्रतिशतसम्म बीमा प्रिमियममा खर्च गरिरहेका छन् जबकि अन्तर्राष्ट्रियस्तरमा यो ३ प्रतिशतभन्दा माथि छैन फलस्वरुप विमान कम्पनीहरु यात्रु अथवा सेवाग्राहीबाट बढी रकम असुल गर्न बाध्य छन् । विमान उड्डयन सुरक्षा भरपर्दो भएमा यो दर घटेर अन्तराष्ट्रिय दरमा पुग्यो भने नेपाली विमान कम्पनीहरुको नाफादर स्वतः बढेर जान्छ र अन्त्यमा यात्रुले राहत पाउँछन् ।

नेपालमा लामो समय भि.भि.आई.पि. उडान भरेका वरिष्ठ उड्डयन विशेषज्ञहरुको विचारमा “निजी एयरलाइन्सहरुले सुरक्षामा पर्याप्त बजेट खर्च नगर्ने र प्रत्येक कुरोलाई काम चलाउ प्रवृत्तिले झारा टार्ने काम गरेकाले विगतमा हवाइ दुर्घटनाहरु बढेका हुन् । पाइलट ट्रेनिङ्ग र मेन्टेनेन्स राम्रो भए दुर्घटनाको दरमा कमी आउँछ । विगतमा भि.भि.आइ.पि. फ्लाइट गर्दा जहाजको मर्मत सम्भार, पाइलट ट्रेनिङ्गमा कडाई थियो । पाइलटलाई जबरजस्ती उडान भर्न बाध्य पारिँदैनथ्यो । जहाजको डकुमेन्टेशन, लगबुक सबै अपडेट रहन्थ्यो । फलस्वरुप नेपाली इतिहासमा कहिल्यै भि.भि.आइ.पि. फ्लाइट दुर्घटना परेन ।

अहिले नेपालमा बुद्ध, यतिको हवाईसेवा राम्रो छ । अहिले यी कम्पनीहरुले सुरक्षामा खुलेर खर्च गर्न थालेका छन् । प्राविधिक तालीम, जहाज मरम्मत सम्भारमा यी कम्पनीहरु खर्च गर्न पछि हट्दैनन् । अन्य विमान र हेलिकाप्टर कम्पनीलाई पनि हामी यही रुपमा अघि बढाउने प्रयत्नमा छौं । जसबाट नेपालको आकाश सुरक्षित रहोस् । नेपालको उड्डयन क्षेत्रमा विस्तारै सकारात्मक प्रभाव देखिन थालिएको छ ।

कविता

## रेल खै दाइ भन्यो



● प्रेम ओली (ढकलपुरे)

जनकपुरीमा आछ भन्छन्
पानीजहाजका कुरा गऱ्यो भने
भर्खर रारा तालतिर गाछ भन्छन्
पाइप ग्यासका कुरा उठायो भने
विराटनगरतिर चुल्हो बल्यो रे
मेलम्चीका कुरा गऱ्यो भने
त्रिशुलीको पानी तान्ने पम्पसेट चल्यो रे
यो विकास पनि कुन दिन यिनले
पुँजीवादले रोक्यो भन्न बेर छैन
एक बर्षै लन्ठ्याङ लुन्ठुङ जान लाग्यो
यस्तै हो भने
हामीले समृद्धि देख्न्या दिन धेरै छैन
हाम्रा नेताले देश बनाउलान्
र समृद्धिमा पुगौंला भन्ने हामी कस्ता
देश बनाउन त यहाँ आउनुपर्छ
महाथिर मोहम्मद, लि क्वान जस्ता ।

## योगीनरहरिनाथप्रति

**कृष्णप्रसाद बस्याल**

तिम्रो निम्ति रहेन दुर्गम थलो के शैल के टाकुरा ?
माटोलाई चुमेर पैदल हिँड्यौ पाखा कुना कन्दरा ।
थाकेनौ कहिल्यै अगम्य पथमा हे वीर यात्री तिमी
तिम्रो सामु सदैव झुक्दछ सुधा, तिर्खा र निद्रा पनि ।

हाम्रो धर्म, समाज दूषित बनी मैलिन्छ मैलिन्छ कि
ती पाश्चात्य विधर्म शक्तिहरुले छोपिन्छ छोपिन्छ कि ?
यो देखी नवज्योति ली गगनमा तारा उदाए सरी
आएछौ यस लोक थाम्नु छ भनी सारा उज्यालो छरी ॥

कैले पुग्नु अमेरिका र मरिसस्, सिंगापुरै कोरिया
श्रीलंका, चीन, जर्मनी र कहिले जापान, अष्ट्रेलिया ।
टेक्यौ भूमि जहाँ परन्तु सबको निस्वार्थ सेवातिर
सारा जीवन अर्पियौ मनुजको कल्याणकै खातिर ।

छाता पर्दछ ओढ्नु आफ्नु छ भने आफैं तिमी ओढ है
अर्कालाई समाउ लौ भनिदिँदा आफैं उही ओढ्छ रे ।
तिम्रो शब्द सुनेर मुग्ध नहुने को हुन्छ जस्ले सुन्यो
तिम्रा ती कृतिभित्र डुब्छ जसले संसार उसले बुझ्यो ॥

सच्चा राष्ट्र विभूति, कर्मठ सदा हे ब्रह्मचारी तिमी
सारा शास्त्र, पुराण वेदध्वनिका मर्मज्ञ ज्ञाता तिमी ।
भाषा, संस्कृति, धर्म हिन्दु जगका हौ ज्ञान गंगा निधि
गर्लान् तत्व बुझी पढेर कतिले विद्या महावारिधि ॥

कोटिहोम र यज्ञले भरिदियौ आध्यात्मको चेतना
लेख्यौ ग्रन्थ अनेक काव्य रचना गर्दै सदा साधना ।
त्यो व्यक्तित्व विराट रुप प्रतिभा लेखुँ म कुन शब्दमा
थोरै पंक्ति तथापि अर्पण गरें यो भाव आवेशमा ।

पर्यटन

## धार्मिक गन्तव्य बन्दै बान्निगढी



**ध्रुव बीसी**

हरियो पहाडको टुप्पोमा अत्याधुनिक भ्यु-टावरजस्तो देखिन्छ, अछामको बान्निगढी । यहाँ पुग्ने जो कोही प्राकृतिक सुन्दरताबाट मन्त्रमुग्ध हुन्छन् । खप्तड, रामारोशन र बडिमालिका जाँदा एकपटक छिर्नैपर्ने ठाउँ हो, बान्निगढी ।

६ सय २२ वर्षअघि देवचन्द्र शाहका छैटौं सन्तानका रूपमा जन्मिएका राजा हरिचन्द्र शाहले वरदादेवी भगवतीको मन्दिर स्थापना गरेको किम्बदन्ती छ। यो ठाउँलाई स्वर्गका रूपमा चर्चा गरिन्छ । यहाँ पुग्नेले छेउमै रहेको नौलागडी हेर्न छुटाउँदैनन् ।

अछामको साँफेबगर एयरपोर्टदेखि एक घन्टाको दूरीमा रहेको बान्निगढी जयगढ गाउँपालिकाको शिरमा पर्छ । धार्मिक पर्यटकीय क्षेत्र बान्निगढीमा वरदादेवी भवगतीको मन्दिरसहित पाँच सय मिटर लामो गुफा, विभिन्न किसिमका कुवा, शिवालय, देवीधारा, झिने धारालगायत अवलोकन गर्न पाइन्छ। यहाँबाट पर्यटकीय क्षेत्र खप्तड, रामारोशन, साइपाल, बडिमालिका, तितौडासहित डोटी, डडेल्धुरा, बाजुरा, बझाङ, दैलेख र कालिकोटका अधिकांश भाग देख्न सकिन्छ।


प्रकृतिले नै निर्माण गरिदिएको अत्याधुनिक भ्यु-टावरजस्तो लाग्छ बान्निगढी। लालीगुराँस फुलेर रंगीचंगी देखिने बान्निगढीमा काफल, ऐँसेलु र तिरखुला पनि प्रशस्त खान पाइन्छ।

समुद्री सतहबाट करिब १३ सय ३० मिटर उचाइमा रहेको यो ठाउँमा धेरै चिसो नहुने भएकाले बाह्रै महिना पर्यटकको घुइँचो लाग्ने गरेको बान्निगढी धार्मिक पर्यटकीय क्षेत्रका जानकार तीलकबहादुर खत्रीले बताए ।

खत्रीका अनुसार बिमकोटे, दर्नाली र घुँघुँरकोटे राजाहरूले सुरक्षित ठाउँ ठानेर यसलाई आफ्नो सुरक्षा गणका रूपमा स्थापना गरेको किंवदन्ती छ। इतिहासका जानकार पूर्णप्रकाश यात्रीले उल्लेख गरेअनुसार यो ठाउँ चारैतिरबाट सुरक्षित रहेकाले सोमवंशी राजाका १४ पुस्ताले यो डाँडालाई आफ्नो किल्लाका रूपमा प्रयोग गरेका थिए।

नेपाल एकीकरणका वेला बहादुर शाहले स्थापना गरेको दसैं घरसमेत यहीँ छ। यहाँ पुग्ने सबैलाई यो ठाउँ स्वर्गको टुक्राजस्तो लाग्छ। तर, यहाँ थोरै मात्र पर्यटक पुग्छन्। प्रकृतिकै सुन्दर र हराभरा देखिने बान्निगढी प्रायः सुनसान हुन्छ । प्रशस्त पर्यटकीय सम्भावना हुँदाहुँदै पनि यो ठाउँ अझै ओझेलमा छ।

## थापा पक्राउ



काठमाडौं । अन्तर्राष्ट्रिय शिखर सम्मेलनको नाममा हिन्दुहरुको पावन भूमि नेपालमा क्रिश्चियनहरुको अन्तर ाष्ट्रिय जमघट राज्यको सहभागिता भएको भन्दै त्यसको विरोधमा हयात होटलअगाडि चुच्चेपाटीमा विरोध, धर्ना र जुलुस आयोजना गरी कालोझण्डा प्रदर्शन गर्ने राष्ट्रिय सरोकार मञ्चलगायतका विभिन्न संस्थाका नेता तथा सयौं युवा कार्यकर्ताहरुलाई प्रहरीले मंसिर १५ गते धरपकड गरेको छ। पक्राउ पर्नेमा विरोध सभाको नेतृत्व गरेका राधेश्याम थापा र सोम सिंह, सुशील सिंह, रघुराज राजवंशी लगायत सयौं युवाहरु भएका छन्। पक्राउपछि उनीहरुलाई पुलिस क्लब चलान गरेको जानकारीमा आएको छ।

# नयाँ कर स्थगन गर्न चीन र अमेरिका सहमत



विष्णु भट्टराई



अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र उनका चिनियाँ समकक्षी सी जिनपिङले वार्ता गर्नका लागि भन्दै नयाँ व्यापार करहरूलाई ९० दिनसम्म स्थगन गर्ने सहमति गरेको अमेरिकाले जनाएको छ। बोयनस आइरिजस्थित विश्वका २० प्रमुख अर्थतन्त्रहरूको समूह जी२० सम्मेलन सकिएपछिको बैठकमा ट्रम्प २ सय अर्ब डलर बराबरका चिनियाँ सामानहरूमा कर नबढाउन सहमत भएका हुन। चीनले कषि, उद्योग र ऊर्जासम्बन्धी सामानहरू उल्लेख्य मात्रामा किन्न चाहेको पनि अमेरिकाले जनाएको छ।

यसैबीच, बेइजिङले दुवै पक्ष आफ्ना बजारहरू खुला गर्न सहमत भएको जनाएको छ। यो वर्षको शुरुमा देखापरेको व्यापार युद्धयता दुई नेताबीच प्रत्यक्ष बैठक भएको यो पहिलोपटक हो। ट्रम्पले चीनले दुईपक्षीय व्यापारमा अतिरिक्त लगाइएको ठूलो करबारे केही पनि नगरेको भनेर गुनासो गरेपछि दुई देशबीच विवाद चर्किएको थियो। अर्जेन्टिनाको राजधानीमा भएको सम्मेलनमा जी २० का नेताहरूले एउटा संयुक्त घोषणा जारी गरेका छन।

ह्वाइट हाउसले एउटा विज्ञप्ति जारी गर्दै ट्रम्प र सी ले एकदमै सफल बैठक गरेको जनाएको छ। उसले चिनियाँ सामानहरूमाथिको अमेरिकी कर ९० दिनसम्म लागू नहुने भन्दै चेतावनी दिएको छ, यदि यो समयको अन्त्यसम्म पनि दुवै पक्ष सहमतिमा पुग्न नसके १० प्रतिशत कर बढेर २५ प्रतिशतसम्म पुग्नेछ।

चीनले दुई देशबीचको असन्तुलित व्यापार घटाउनका लागि अमेरिकाबाट उल्लेख्य मात्रामा कषि, ऊर्जा, उद्योगसम्बन्धी र अन्य सामानहरू किन्ने सहमति गरेको अमेरिकाले बताएको छ। ट्रम्पले यसअघि आफूले अमेरिकी प्रविधि र बौद्धिक सम्पत्ति अनधिकत रूपमा चीनमा पठाइएको भन्दै त्यसलाई रोक्न चाहेको बताएका थिए।

चीनका विदेशमन्त्री वाङ यीले वार्तापछि पत्रकारहरूसँग बोल्दै भने, 'अहिलेको सैद्धान्तिक सहमतिले दुई देशबीच आर्थिक तनाव फैलन नदिन प्रभावकारी रूपमा काम गरेको छ।' उनले यो नयाँ कदमले दुवै पक्षलाई जितको सहकार्यका लागि ठाउँ बनाएको बताएका छन। तर चिनियाँ सरकारी सञ्चारमाध्यमले भने वार्ताहरू जारी रहने जनाएको छ।

चीन-अमेरिका व्यापार युद्धबाट आफ्नो मुलुकको लाभका लागि वासिङ्टन र बेइजिङले गरेका प्रयास जारी छन्। द्वन्द्वले कसैलाई लाभ नगर्ने कुरा सत्य हो। त्यसैले, यसबाट कम क्षति कसलाई हुने भन्ने मात्र हो। अमेरिकी ट्रम्प प्रशासनले अवलम्बन गरेको व्यापारमा संरक्षणवादी नीतिले तत्काल अमेरिकालाई फाइदा भएको अमेरिकी एक पक्षको निष्कर्ष छ।

प्रतिस्पर्धी कमजोर रहेको अवस्थामा कतिपय नीतिले राष्ट्रिय व्यवसायमा फाइदा पर्न सक्छ तर प्रतिस्पर्धीले बदलामा चाल्ने कदमले यसलाई विफल पारिदिन पनि त सक्छ। विश्व युद्धपछि अमेरिकाले विश्वलाई नेतृत्व गरेको पनि वासिङ्टनको तत्कालीन प्रतिस्पर्धी सोभियत संघमाथिको अमेरिकी नीति अब्बल हुनु नै हो।

तत्कालीन समयमा सोभियत संघ (विभाजनपछिको रूस) ले अमेरिकाको शक्ति सञ्चयमा उसको बाँकी विश्व समुदायसँगको कूटनीतिक प्रभावलाई आँक्न नसक्नुलाई पनि उसको 'पराजय'सँग जोड्ने गरिन्छ। युद्धसँगै युरोपलगायतका विश्वका अन्य क्षेत्रमा अमेरिकाले आफ्नो राजनीतिलाई बलियो बनाउन उसको विशेष जोड रहेको थियो। जुन सहकार्य अहिलेसम्म पनि कायमैजस्तो देखिन्छ। यद्यपि अमेरिकाले शीत युद्धकालीन समयमा जम्मा गरेको समर्थनमा बिस्तारै कमी भने देखिन थालेको छ।

कुनै समय अमेरिकी पक्षलाई समर्थन गर्दै रूसको विरोधमा लागेका युरोप तथा एसियाली मुलुकहरू पछिल्लो समय अमेरिकाप्रति मनग्य हार्दिकता देखिँदैन। यसमा चीनको सबैलाई रिजाएर अघि बढ्ने नरम नीति र अमेरिकी ट्रम्प प्रशासनको 'प्रथम अमेरिका' भन्ने अतिवादी राष्ट्रवादी नीति जिम्मेवार रहेको बताउन सकिन्छ। नेतृत्व सफल भएमा जस र असफल हुँदा अपजस आउने स्वाभाविक प्रक्रिया हो।

अमेरिकी ट्रम्प प्रशासनका कारण मारमा परेको दाबी गर्ने युरोपेली मुलुकहरूमा यस आर्थिक वर्षमा आर्थिक वृद्धिदरमा सुस्तता छाएको विभिन्न अध्ययनहरूले देखाएका छन्। वर्षको अन्त्यसम्म आइपुग्दा युरोपको आर्थिक वृद्धिमा वर्षको सुरूमा जस्तो समस्या त छैन तर सुधारका प्रस्ट संकेतहरू अझै देखिन सकेका छैनन्। वासिङ्टनका कारण निम्तिएको विश्व व्यापार समस्याले युरोप क्षेत्रको अर्थतन्त्रलाई समेत घाइते बनाउने सम्भावना बढेको विश्वका अर्थ विश्लेषकको ठम्याइ रहेको छ।

'अमेरिका पहिला' भन्ने अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र व्यापारमा बढ्दो संरक्षणवादी नीतिका कारण युरोप क्षेत्रको आर्थिक विकाससमेतमा खतरा रहेको युरोपेली केन्द्रीय बैंक तथा अन्तर्राष्ट्रिय मुद्रा कोषलगायतका प्रमुख आर्थिक संघसंस्थाहरू र त्यहाँ आबद्ध प्रायः अधिकारीले चेतावनी दिएका छन्।

अप्रिलदेखि जुनसम्मको दोस्रो त्रैमासिकको समयमा युरोपका १९ मुलुकले प्रयोगमा ल्याएको एकल मुद्रा युरोमा ०.३ प्रतिशतले सुस्तता आएको देखिएको थियो। हुन त यस आर्थिक वर्षको प्रथम त्रैमासिक अवधिमा आर्थिक वृद्धिदर ०.४ प्रतिशत रहेको युरोपेली युनियन (ईयू) को आर्थिक तथ्यांकसम्बन्धी अध्ययन तथा मूल्यांकन गर्ने निकाय युरोस्टाटले जनाएको छ। यो अवस्था तेस्रो तथा चौथो त्रैमासिकको अहिलेसम्मको अवस्था स्थिर रहेको भन्ने छ, यद्यपि यसबारे आधिकारिक तथ्यांकहरू आउन बाँकी नै छ।

वार्षिक आधारलाई नियाल्दा युरो क्षेत्रको आर्थिक विकास गत वर्षको प्रथम तथा दोस्रो त्रैमासिक अवधिको २.५ बाट २.१ मा झरेको छ। यो युरोप क्षेत्रको अर्थतन्त्रमा सुधार आउने भन्ने यस क्षेत्रका आर्थिक विश्लेषकका प्रक्षेपणको विपरीत हुन गएको छ। युरो क्षेत्रका विश्लेषकहरूले गत वर्षभन्दा यस वर्ष आर्थिक सूचकांकमा वृद्धि देखिने बताएका थिए। 'यस वर्ष विश्व व्यापार बजार क्षेत्रमा देखिएको अनिश्चितताले युरो क्षेत्रको अर्थतन्त्रसमेत घाइते पारिदिएको छ,' इन्टरनेसनल नेदरल्यान्ड ग्रुपले सञ्चालन गरेको बैंक (आईएनजी) का वरिष्ठ अर्थशास्त्री बर्ट कोलिजनले बताए।

'आर्थिक वर्षको दोस्रो त्रैमासिक अवधिमा वास्तविक निर्यात वृद्धिमा सुस्तता आएको छ, यसमा सबैले भन्ने गरेको व्यापार विवाद एक विश्वस्त कारक मानिएको छ,' उनले थपे। कतिपय विश्लेषकहरूले भने युरोपको अर्थतन्त्रलाई प्रभावित पार्ने तत्व बेलायतको युरोपियन युनियनबाट बहिर्गमन अर्थात् ब्रेक्जिटसम्बन्धी निर्णयहरू पनि रहेको जनाएका छन्। युरोपेली केन्द्रीय बैंकका प्रमुख मारियो ड्रागीले नै केही समय पहिले संरक्षणवादको नकारात्मक प्रभाव युरो क्षेत्रको आर्थिक वृद्धिका लागि प्रमुख तगारो बनेको र यस वर्ष युरो क्षेत्रको अर्थतन्त्रमा सन् २०१७ मा जस्तो वृद्धि नहुने प्रक्षेपण गरिसकेका छन्।

अन्तर्राष्ट्रिय मुद्रा कोषका प्रमुख अर्थशास्त्री मौरिस असफेल्डले वर्तमान संरक्षणवादी व्यापार नीतिका कारण युरोप क्षेत्रको व्यावसायिक क्षेत्रमा समस्याहरू थप बढ्ने र यसले विश्वको आर्थिक वृद्धिलाई समेत प्रभावित तुल्याउने चेतावनी दिएका थिए।

केही महिना पहिले ह्वाइटहाउसमा भएको वार्तामा ईयू र संयुक्त राज्य अमेरिकाले व्यापार युद्ध सम्झौता गरेको घोषणासँगै केही दिनमा आएको तथ्यांकको मूल्यांकन गर्दै आर्थिक विश्लेषकहरूले सहमतिलाई कमजोर निर्णय भएको बताएका थिए। उनीहरूले यसबाट युरोप आर्थिक विकासको समस्या थप तनावग्रस्त बन्ने धारणा व्यक्त गरेका थिए।

'व्यापार तनाव तन्किने र थप तीव्र बन्ने सम्भावना हाललाई हराएको छ। आर्थिक वर्षको दोस्रो अवधिमा अब आर्थिक वृद्धिका लागि थप लागिपर्ने र देखिएका नकारात्मक सूचकलाई सम्बोधन गर्नुपर्ने अवस्था आएको छ,' नेतिक्सस बैंकका डर्क सुमाकरले भने। यद्यपि चीन र अमेरिकाको व्यापार नीतिले युरोपको अर्थतन्त्रलाई प्रभावित तुल्याउने क्रम जारी नै रहेको छ। व्यापारमा देखिएको अनिश्चितताले गर्दा ईसीबीका गभर्नरहरूले यो वर्ष ब्याजदर इतिहासमै सबैभन्दा निम्न कायम गर्ने निर्णय लिन बाध्य भए। उनीहरूले अक्टोबरदेखि 'गुणात्मक सहयोग'का लागि वा ठूलो संख्यामा गोदाममा थन्किएर रहेको सामानलाई किन्ने योजनालाई अघि ल्याएका छन्। यसबाट वर्षको अन्त्यसम्ममा आर्थिक वृद्धिलाई निकै प्रोत्साहित गर्ने र आर्थिक वृद्धिमा देखिएको समस्यालाई निकै हदसम्म समायोजन गर्न सकिने धारणासहितको योजना बैंकहरूले ल्याएका हुन्।

यो योजना इटालियन बैंकरहरूले समीक्षकहरूलाई अचम्मित तुल्याउने गरी एक महिना पहिले ल्याएको कार्यक्रमलाई पछ्याएर ल्याइएको हो। बृहत् पुँजी प्रोत्साहन कार्यक्रमले अपेक्षा गरेभन्दा पनि छिटो यही डिसेम्बरसम्ममा आर्थिक वृद्धिलाई निकैमाथि उठाउने आँकलन गरिएको छ। क्यापिटल इकोनोमिक्सका जेनिफर म्याककेआउनकोले भने, 'हामीले वर्षको अन्त्यसम्म आर्थिक वृद्धिलाई पहिलेकै अवस्थामा पुऱ्याउन केही महत्वपूर्ण भूमिका निर्वाह गर्ने आशा गरेका थियौं।'

ईसीबीको सावधानीलाई युरोस्टाटको मुद्रा संकुचनबारे सार्वजनिक गरिएको तथ्यांकसँग परीक्षणमा राखिएको थियो। जसले ईसीबीको २ प्रतिशतको लक्ष्यलाई पार लगाउनेछ। युरोस्टाटले युरो क्षेत्रको मुद्रास्फीतिलाई जुलाईसम्ममा इन्धनको मूल्यलाई उच्च २.१ प्रतिशतमा पुऱ्याउने जनाएको थियो। यो अर्थ विश्लेषकहरूले गरेको अनुमानभन्दा केही बढी हो। युरोस्टाटले पनि जुनमा युरो क्षेत्रको बेरोजगार दर ८.३ प्रतिशतमा खुम्चिने बताएको थियो। सन् २०१६ को सेप्टेम्बरमा प्रतिकात्मक मानिएको १०.० प्रतिशतको बेरोजगार समस्याको सीमारेखा उक्त क्षेत्रमा बिस्तारै बिस्तारै घटिरहेको छ। यद्यपि यो दर वित्तीय संकटपूर्वको दर (७.५प्रतिशत) भन्दा अझै पनि औषतमा उच्च रहेको छ। एकल मुद्रा प्रयोग गर्ने १९ युरोपेली मुलुकमध्ये सबैभन्दा कम बेरोजगार दर जर्मनीमा रहेको मेमा सार्वजनिक युरोस्टाटको तथ्यांकमा देखिएको थियो।

उक्त बेला जर्मनीको बेरोजगार दर ३.४ प्रतिशत रहेको तथ्यांक छ। नोभेम्बरमा जर्मनीको व्यापारमा चार वर्ष यताकै कमी देखिएको युरोपियन सेन्ट्रल बैंकले गरेको एक सर्वेक्षणले देखाएको बेलायती समाचार संस्था रोयटर्समा शुक्रबार प्रकाशित एक समाचारमा जनाइएको छ। त्यस्तै, युरोलाई एकल मुद्राका रूपमा अवलम्बन गरेका १९ मुलुकमध्ये सबैभन्दा उच्च बेरोजगार दर ग्रीसमा रहेको देखिएको छ। ग्रीसले उपलब्ध गराएको तथ्यांकअनुसार अप्रिलमा ग्रीसको बेरोजगार दर २०.२ प्रतिशत रहेको थियो। अर्को संकटग्रस्त युरोपेली मुलुक स्पेनको बेरोजगार दर यो वर्षको अप्रिलमा १५.२ प्रतिशत रहेको देखिएको थियो। अमेरिका र चीनबीचको विवाद सन् २०२० मा हुने अमेरिकी राष्ट्रपतीय निर्वाचन पहिले साम्य नहुने स्टान्डर्ड चार्टर्ड बैंकका प्रमुख लगानी योजना प्रमुख स्टेभ ब्रिसले बताएका छन्। आगामी साता अर्जेन्टिनाको ब्युनर्सआयर्समा चिनियाँ राष्ट्रपति सी चिनपिङ र अमेरिकी राष्ट्रपति ट्रम्पबीच व्यापार विवादबारे छलफल हुन सक्ने भए पनि यसमा महत्वपूर्ण प्रगति हुनेमा ब्रिसले आशंका व्यक्त गरे।'

(एजेन्सीहरुको सहयोगमा)

## रोचक संसार

### विश्वकै ठूलो कुखुरा



अहिले सोसल मिडियामा विश्वको सबैभन्दा ठूलो गाईको तस्वीरले चर्चा पाइरहेको छ। अष्ट्रेलियामा रहेको निर्कस जातको यो गाई १४ सय किलो वजनको छ। निकर्स जातको गाईपछि अब विश्वको सबैभन्दा ठूलो कुखुराले तहल्का मच्चाउनेवाला छ। यो कुखुराको नाम मरकली हो। युरोपेली मुलुक कोसोभोस्थित एक पोल्ट्री फर्ममा यो कुखुरा रहेको छ।

३ फिट लामो यो कुखुराको वजन ७ किलो ७ सय ग्राम रहेको छ। यो विश्वकै ठूलो कुखुरा मानिएको छ।

मरकली कुखुरा ब्रम्हा नश्लको कुखुरा हो। चिनियाँ जातको कुखुरा र अमेरिकी जातको कुखुराबीचको हाइब्रिडबाट यो ब्रम्हा नश्लको कुखुराको विकास भएको हो। आमरुपमा यो नश्लको कुखुराको तौल साढे ५ किलो हुन्छ। तर मरकलीको तौल झण्डै ८ किलो रहेको छ।

सोसल मिडियामा जब पहिलोपटक मरकलीको भिडियो सार्वजनिक भयो, तब मानिसहरुले यो फेक भिडियो भन्ठाने। तर जब यो नश्लको बारेमा समाचार आयो तब सबै पत्याउन बाध्य भए।


### डाइनोसरका खुट्टाका छाप

आजभोलि डाइनोसरको कथा इतिहासको विषय बनेका छन्। तर डाइनोसर पृथ्वीमा थिए भन्ने कुरा विज्ञानले सिद्ध गरेको विषय हो। अजंगका शरीर भएका ती डाइनोसरका पछिसम्म रहेका र उड्ने पखेटा भएका प्रजाति ६५ मिलियन वर्षअघिसम्म यो पृथ्वीमा अस्तित्वमा थिए।

सबैभन्दा सानो डाइनोसर कुखुरा जत्रो थियो। यो उड्दथ्यो र यसले कीरा खाने गर्दथ्यो। डाइनोसरहरु सबै महादेशहरुमा पाइन्थे।

आजको अन्टार्कटिका महादेशमा पनि डाइनोसरहरु थिए। सबैभन्दा पुरानो इओराप्टर नामको डाइनोसर त आजभन्दा २२८ मिलियन वर्षअघिसम्म अस्तित्वमा थियो। यो मांसहारी थियो।

अहिलेका आधुनिक फिल्महरुमा डाइनोसरको आवाज सुनाइन्छ, त्यो



कतै र कहीं पनि रेकर्ड भएको होइन। बरु त्यो त कछुवाको आवाजलाई रेकर्ड गरेर ठूलो बनाइएको हो। सबैभन्दा सानो आकारमा पाइएको डाइनोसर १० सेन्टीमिटर अग्लो थियो। त्यो फिस्टो चराभन्दा पनि सानो थियो।

यदि आजसम्मको इतिहासलाई २४ घण्टामा साँगुऱ्याउने हो भने जीवन बिहान चार बजे देखिन्छ, जमीनमा रहेका विरुवा विहानको दशबजे देखिन्छन्, डाइनोसरको लोप हुँदासम्म ११.४१ बजेको देखिन्छ र मानव इतिहास त ११.५८बजेपछि मात्र सुरु भएको पाइन्छ। बोलिभियामा अहिलेसम्म पनि ५ हजार डाइनोसरको खुट्टाको छाप भएको एउटा ठूलो ढुंगा अझैं पनि छ। यो ६८ मिलियन वर्ष पुरानो मानिएको छ। चराहरुलाई आज पनि डाइनोसरका एक प्रजातिका रुपमा लिइन्छ। डाइनोसर कस्ता रङका थिए, त्यो एकिन भएको छैन।



### दुनियाँकै महँगा हीरा

एउटा दुर्लभ गुलाबी हीरा ५ करोड डलर अर्थात् ५ अर्ब रुपैयाँभन्दा बढी मूल्यमा बिक्री भयो। प्रतिक्यारेट मूल्यको हिसाबले यसले कीर्तिमान कायम गऱ्यो। पिंग लिगेसी नामको यो हीरा केवल १९ क्यारेटको छ। अमेरिकी ब्राण्ड ह्यारी विन्स्टनले स्विजरल्याण्डको जेनेभामा भएको एक लिलामीका क्रममा यो हीरा किनेको हो। क्रिस्टिज अक्सन हाउसको युरोप प्रमुखका अनुसार यो हीराको प्रतिक्यारेट मूल्य झण्डै ३० करोड परेको छ, जुन एक विश्व कीर्तिमान हो। यो हीराको लिलामी शुरु भएको ५ मिनेटमै खरीद गरिएको थियो।



### मुख चलाउँदा जिब्रो चट

शिक्षाले मानिसलाई संस्कार सिकाउँछ भनिन्छ। तर भारतमा पीएचडी गर्न लागेका एकजना पुरुषले आफ्नी पत्नीको जिब्रो नै काटिदिएका छन्।

उत्तर प्रदेशको कानपुरस्थित बर्रा क्षेत्रमा यो घटना भएको हो। पत्नी धेरै बोलेको अर्थात् पत्नीको जिब्रो कैंचीझैं चलेको आरोपमा उनले जिब्रो नै काटिदिए।

पत्नीको जिब्रो काटिदिने युवकको नाम आकाश हो। गत वर्ष वन्दना नामकी युवतीसँग उनले लाखौं खर्च गरेर बिहे गरेका थिए। बिहेपछि उनले पत्नीलाई पटक-पटक दाइजोको निहुँमा प्रताडना दिने गरेको र टाउको फुट्नेगरी कुट्ने गरेका थिए।

गत नोभेमबर ६ मा दीपावलीको एक दिनअघि उनले पत्नीलाई जबरजस्ती नशालु पदार्थ खुवाए अनि लठ्याएर जिब्रो काटिदिए। पीडित वन्दनाको छिमेकीहरुले उद्दार गरेका थिए। पीडक लोग्नेलाई प्रहरीले गिरफ्तार गरेको छ।

### भोक मेट्टाउन हात्तीमाथि आक्रमण

भोकले आतुर बनेका १४ वटा खतरनाक सिंहले आफ्नो भोक मेटाउन हात्तीमाथि दुर्लभ धावा बोले। ८ वर्षीय त्यो छावा शक्तिशाली सिंहहरूको भयंकर आक्रमणमा परेपछि उसको ज्यान जाने लगभग पक्कापक्की थियो। तर उसले हिम्मत हारेन। कालको मुखबाट आफूलाई बचाउँदै त्यो छावाले आफूलाई सिंहहरूको बथानबाट मुक्ति दिलाउन सफल भयो। यो भयानक दृश्य जाम्बियाको साउथ लुवांग्वला राष्ट्रिय निकुञ्जको हो। निकुञ्ज भ्रमणमा गएका अमेरिकी पत्रकार जेसी नास लगायतको भ्रमण टोलीले त्यो दृश्य आफ्नो क्यामरामा कैद गरेका हुन्। आफ्नो बथानबाट छुटेको छावामाथि सिंहको बथान आएर आक्रमण गरे, उसको पिठयुँमा चढे, दाह्रा गाडे।

छावालाई भुइँमा लडाउन ठूलै प्रयत्न गरे। नदीको किनारामा भएको त्यो लडाइँबाट उम्किन छावाले जुक्ति निकाल्यो। पिठ्युँमा चढेका सिंहलाई समेत बोक्दै . नदीको पानीमा हेलियो। छावा नदीमा गए पनि सुरुमा त सिंहहरूले छाडेनन्, तर पानीमा टेकेपछि छावाको साहस बढेछ। उसले जिउले पानी छोप्दै सिंहहरूलाई लखेट्यो। सिंहबाट मुक्ति पाएपछि छावाले आफ्नो नांग्ले कान पानीमा हल्लाउँदै ढुक्कको स्वास फेऱ्यो। हारेका सिंहहरू फेरि अर्को सिकारको खोजीमा लागे। बथानबाट छुट्टिएको त्यो छावाले अर्को दिन आफ्नो बथान भेट्टायो। त्यो दृश्यका साक्षी जेसी लगायतको त्यस छावाको नाम हर्कल्स राखिदिएका छन्, युद्धमैदानमा उसको साहसीपनका लागि।

### अचम्मको विरोध प्रदर्शन

मान्छेले बालुवामा टाउको गाडेर समेत आन्दोलन गर्न थालेका छन्। अस्ट्रेलियाको न्यु साउथ वेल्सस्थित सामुद्रिक तथ बोन्डी बीचमा यस्तै प्रदर्शन भएको छ। झण्डै २ सय जना मानिसहरू बिहीबार समुद्रतटको बालुवामा टाउको गाडेर प्रदर्शनमा उत्रिए। ब्रिसबेनमा चलिरहेको जि ट्वान्टी शिखर सम्मेलनका लागि विश्वका नेताहरू अस्ट्रेलिया आएको मौका पारेर वातावरणकर्मीहरू यस्तो अनौठो हर्कतमा उत्रिएका हुन्। जलवायु परिवर्तन नियन्त्रणका लागि प्रभावकारी कदम चाल्न दबाब दिने उद्देश्यले उनीहरूले यस्तो प्रदर्शन गरेको बताइएको छ। अस्ट्रेलियाका प्रधानमन्त्री टोनी एबटले जि ट्वान्टी सम्मेलनका बेला जलवायु परिवर्तनको विषयलाई समावेश नगर्ने निर्णयको विरोधमा प्रदर्शकारीहरूले बालुवामा टाउको गाडेर सांकेतिक विरोध गरेका हुन्।

सबैभन्दा जल्दोबल्दो जलवायु परिवर्तको विषयलाई सम्मेलनमा समावेश नगराउने एबटको टाउको साँच्चीकै बालुवामा गाडिएको हुँदा उनले मुख्य विषय देख्दै नदेखेको प्रदर्शकारीहरूले बताए। एबटले अस्ट्रेलियाली जनताको भावनालाई सम्मेलनमा प्रतिनिधित्व नगरेको भन्दै जलवायु परिवर्तनका विषयमा प्रधानमन्त्रीले कुरा नराखे पनि यसलाई मुख्य रुपमा उठाइयोस् भन्नका लागि ध्यानाकर्षण स्वरुप बालुवामा टाउको गाडेर प्रदर्शनमा उत्रिएको प्रदर्शकारीको भनाइ छ।

*अनलाइन खबरबाट*

प्रेरक प्रसंग

## फजुल खर्च

तत्कालीन भारतीय प्रधानमन्त्री जवाहरलाल नेहरु काम विशेषले दिल्ली बाहिर गएका थिए । उनी फर्किने दिन निश्चित भयो । उनको स्वागतमा मन्त्रीहरु, सरकारी सेवाका उच्च अधिकारीहरु पालम विमानस्थल पुगे । केही क्षणमै नेहरु सवार रहेको जहाज विमानस्थलमा अवतरण भयो । नेहरु जहाजबाट ओर्लिए । स्वागतकर्ताहरुले उनलाई पुष्पगुच्छा दिए, माला पहिराइदिए ।

नेहरु विमानस्थलबाट लावालस्करसाथ बाहिर निस्किए । अब उनलाई प्रधानमन्त्री निवास जानु थियो । एक सरकारी उच्च अधिकारीले नेहरुलाई अघि बढ्न संकेत गरे । केही पर एउटा हेलिकप्टर लेन्ड गरिरहेको अवस्थामा थियो । ती अधिकारीले नेहरुलाई हेलिकप्टर नजिक पुगेपछि भने प्रधानमन्त्रीज्यू कृपया बस्नोस् ।

नेहरुले सोधे, यो हेलिकप्टर किन ? अधिकारीले जवाफ दिए- प्रधानमन्त्रीजीको सुरक्षालाई ध्यानमा राखेर यो हेलिकप्टरको व्यवस्था गरिएको हो । नेहरुले फेरि भने- गाडीमै गए पनि भइहाल्यो नि । ती अधिकारीले गाडीको सट्टा हेलिकप्टर ल्याइएको निवेदन गरे । नेहरुको अनुहार एकाएक रिसाएजस्तो देखियो । अलि उच्च आवाजमा उनले अधिकारीहरुलाई भने- तपाईंहरु व्यर्थमा राज्यकोषको फजुल खर्च गरिरहनुभएको छ । म पनि एक जनता नै हुँ । जनताले जनतासँग किन डराउनु ? प्रधानमन्त्री निवास टाढा पर्ने छैन । यति धेरै खर्च गरेर म एकजना व्यक्तिका लागि हेलिकप्टर किन ल्याउनुपर्‍यो ? राज्यको ढुकुटी एक व्यक्तिका निम्ति यसरी रित्याउनु राम्रो होइन ।

नेहरु अघि बढे । अलिपर भाडाका ट्याक्सीहरु खडा थिए । उनले एउटा भाडाको ट्याक्सीलाई आफूतिर आउन इसारा गरे । ट्याक्सी प्रधानमन्त्री निवासतिर हुइँकिए । सुरक्षा दस्ता र सरकारी अधिकारीहरु नेहरु चढेको ट्याक्सीलाई पछ्याउन बाध्य भए । पालम विमानस्थल र प्रधानमन्त्री निवासको दूरी केवल २० माइल मात्र थियो ।

# साप्ताहिक राशिफल

ज्यो. लक्ष्मीप्रसाद बराल

### मेष

अवसरले पछ्याए पनि कर्मगतिले पछि पार्न सक्छ । प्रतीक्षा गरिएको नतिजा सकारात्मक नहुने समय छ । सहयोगीहरूले साथ दिन छाड्नेछन् भने अस्वस्थताले कमजोर महसुस हुनेछ । व्यवसायमा सोचेको फाइदा नउठ्न सक्छ । बौद्धिक व्यक्तित्वसँग प्रतिस्पर्धामा उत्रनुपर्ला । अध्ययनमा समय दिन नसकिएला । गुरुजनको मार्गदर्शन अवलम्बन गर्दा फाइदा हुनेछ ।

### बृष

मान्यजनसँग असमझदारी बढ्नेछ भने हठ गर्ने बानीले पनि समस्या निम्त्याउन सक्छ । स्थायी सम्पत्तिमा विवाद आउने सम्भावना देखिएकाले सजग रहनुहोला । बलजफ्तीले परिस्थिति बिग्रन सक्छ । बेसुरमा दिइएको वचनले पनि समस्या निम्त्याउन सक्छ । शुभचिन्तकहरूको सुझावलाई विशेष ध्यान पुर्‍याउनुहोला । कामविशेषले बन्धु-बान्धवसँग नजिकिने समय छ ।

### मिथुन

निर्णायक मोडमा दुविधा उत्पन्न हुने समय रहेकाले हतारमा निर्णय नलिनुहोला । हिस्सेदारसँग असमझदारी बढ्नाले पहिलेको सम्झौता भंग हुन सक्छ । अनावश्यक साइनो गाँस्नेहरूसँग सावधान रहनुहोला । नियमित काम सम्पादन भए पनि पारिवारिक मतभेदले व्यवधान निम्त्याउला । सहयोगीहरू पछि हट्न सक्छन् । आँटेको काममा केही व्यवधान हुनेछ ।

### कर्कट

आलस्य गर्ने बानीले पहिलेकै काम दोहोर्‍याउनुपर्ने हुन सक्छ । बोलीको गलत अर्थ लाग्नाले वादविवादमा परिने सम्भावना छ । स्थायी सम्पत्तिमा पनि केही विवाद आउन सक्छ । मिहिनेत गरीकन चिताएको मूल्य प्राप्त नहुने देखिन्छ । अध्ययनमा त्यति समय दिन नसकिएला । ईर्ष्या गर्नेहरूले बिनाकारण सताउन सक्छन् । महत्वाकांक्षी योजना गोप्य राखेर अघि बढ्नुहोला ।

### सिंह

अवसर प्राप्त भए पनि नियमित काममै अलमलिनाले पछि परिनेछ । पहिलेको योजना अनिश्चित बन्नेछ भने नयाँ काममा अन्योल बढ्न सक्छ । आफ्नो सूचना बाहिरिने सम्भावना भएकाले गोपनीयतामा ध्यान पुर्‍याउनुहोला । आगन्तुकले व्यर्थैमा अलमल्याउन सक्छन् । रमाइलो जमघट एवं भोजभतेरको अवसर प्राप्त भए पनि स्वास्थ्यका लागि खानपानमा सचेत रहनुपर्ला ।

### कन्या

घरखर्च बढ्नुका साथै अर्थ अभावले सताउन सक्छ । बनिसकेको काम दोहोर्‍याउनुपर्ने हुन सक्छ । अवसरको खोजीमा निकै दौडधुप गर्नुपर्ला । आफ्नाबाटै टाढिनुपर्ने परिस्थिति आउन सक्छ । खर्च गरेर पनि त्यति फाइदा उठाउन नसकिएला । आफूलाई समस्या पर्दा साथीभाइले समेत वास्ता गर्न छाड्नेछन् । प्रयत्न गर्दा यात्रा गर्ने प्रक्रिया भने अघि बढ्न सक्छ ।

### तुला

मिहिनेत गर्दा राम्रो परिणाम प्राप्त हुनेछ । तारिफयोग्य काम सम्पादन गर्दै मनग्गे धन आर्जन गर्न सकिनेछ । आँटले काम सम्पादन हुनेछ । प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ । थोरै लगानीबाट पनि नाफा उठाउन सकिनेछ । विभिन्न भौतिक साधन जुट्नेछन् भने दिगो फाइदा हुने काम प्रारम्भ गर्ने समय छ । अप्ठ्यारा परिस्थितिलाई समेत सहज बनाउन सकिनेछ ।

### बृश्चिक

बाध्यतामा अलमलिनुपर्दा चिताएको काममा बाधा आउला । आश्वासन बाँड्नेहरूले झुक्याउनेछन् भने पहिलेका सहयोगीहरू पछि हट्न सक्छन् । परिस्थिति त्यति अनुकूल नरहला । अरूका लागि बुद्धि खर्चनुपर्नेछ । जीवनशैली व्यस्त रहनेछ तर उपलब्धिविहीन काममा समय बित्न सक्छ । गरी आएको कामलाई निरन्तरता दिन सकिनेछ । तर नयाँ काम गर्न समय पर्खनुहोला ।

### धनु

अवसर आए पनि नयाँ काममा हात हाल्नुअघि राम्ररी विचार पुर्‍याउनुहोला । बाध्यतामा अलमलिनुपर्दा मन खिन्न रहनेछ । श्रमपूर्वक समर्पित हुँदा पनि कामको मूल्य कम मात्र पाइने परिस्थिति देखिन्छ । तापनि, उपलब्धिको स्रोत पहिल्याउन सकिनेछ । काम सम्पादन नभए पनि योजना बन्नेछ । सामाजिक दायित्व बढ्नेछ । प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ ।

### मकर

काममा केही चुनौती देखिए पनि प्रयत्न गर्दा सकारात्मक संकेत प्राप्त हुनेछ । सहयोगीहरूले अप्ठ्यारो समयमा साथ दिनाले चुनौतीहरूलाई पार लगाउन सकिनेछ । गोप्य रहस्य पत्ता लाग्नेछ भने नसोचेको धन लाभ हुन सक्छ । तापनि, सानातिना समस्याले केही अप्ठ्यारो परिस्थिति सिर्जना हुने देखिन्छ । स्वास्थ्यमा पनि अलि कमजोरी अनुभूति हुन सक्छ ।

### कुम्भ

परिस्थिति अनुकूल रहनेछ भने लगनशीलताले लक्ष्यमा पुर्‍याउनेछ । छोटो समयमा फाइदा उठाउन सकिनेछ । सुन्दर पहिरनले व्यक्तित्वमा निखारता आउनेछ । विशेष उपहार प्राप्त हुन सक्छ । परिवारजनको साथले उत्साह जगाउनेछ । मित्रता र प्रेमको बन्धन कसिनेछ भने अतिथिको रूपमा सत्कार प्राप्त हुने समय छ । व्यापारको बहानामा रमाइलो यात्रा हुन सक्छ ।

### मीन

सहयोगीहरू पछि हट्नाले नयाँ योजना प्रारम्भ गर्न समस्या पर्नेछ । वैधानिक प्रावधानले केही अप्ठ्यारो पार्नेछ भने अधिकार सुरक्षा गर्न जुट्नुपर्नेछ । अस्वस्थताले लक्ष्यअनुसार काममा जुट्न नसकिएला । व्याहारिक अलमलले पनि आँटेका काममा बाधा पुर्‍याउनेछ । केही चुनौतीहरू देखिनेछन् । सानातिना काममै अल्झनुपर्नेछ भने पहिलेका समस्या दोहोरिन सक्छन् ।

## नेपाल आइडलले कमाएको चर्चा

काठमाडौं । एपीवान एचडी टेलिभिजनबाट प्रसारण भइरहेको नेपाल आइडल सिजन-टु युट्युवमा खोजी गरिने संसारभरका आइडल शोमध्ये दोस्रो स्थानमा पर्न सफल भएको छ । हजारौं आकांक्षीलाई पछि पार्दै छानिएका प्रतिस्पर्धीले एकपछि अर्को उत्कृष्ट प्रस्तुति दिइरहँदा नेपाल आइडल सर्वाधिक खोजी गरिने शो बनेको हो । प्रतियोगीको प्रस्तुति, कार्यक्रमको उत्पादन, व्यवस्थापन तथा दर्शकको भावना अनुसारका गीत संगीतको छनौटले नेपाल आइडलको लोकप्रियता बढेको कार्यक्रमका निर्देशक सुरेश पौडेलको ठम्याइ छ ।

नेपाल आइडलले अन्तर्राष्ट्रियस्तरसम्म प्रभाव जमाउन व्यवस्थापन, कार्यक्रम उत्पादनमा सहभागी दक्ष सहकर्मी, बाध्यवाधन, स्टेज तथा लाइट व्यवस्थापन, क्यमरा व्यवस्थापनको सहयोगले नै सम्भव भएको निर्देशक पौडेलको भनाइ छ ।

नेपालमा एकै पटकमा टेलिभिजन हेर्ने दर्शकको संख्या जान्न कुनै संयन्त्र नभएकाले युट्युबका दर्शकको आधारमात्र मापन गर्न सकिने अवस्था छ । यु-ट्युब भ्यूको आधारमा नेपाल आइडल सबैभन्दा धेरैले हेर्ने नेपाली रियालीटी शोमा परिरहेको छ ।

## "सुपर मंक" उत्कृष्ट

काठमाडौं । यसै वर्ष रिलिज गरिएको वृत्तचित्र 'सुपर मंक' (उत्कृष्ट ढावा) पेरिसमा आयोजना भएको महोत्सवमा उत्कृष्ट भएको छ । माथिल्लो मुगुका खेन्पो सेनाङ ग्याम्जोको कथा र निर्देशनमा निर्माण भएको दोस्रो वृत्तचित्रले सयभन्दा बढी देशका दर्शकको मन जितेको हो ।

दसवर्षे सशस्त्र द्वन्द्वताका निर्दोष बालबालिकामाथि हुने दमन, द्वन्द्वरत पक्ष र सुरक्षाकर्मीले गरेको व्यवहारलाई बाल मनोविज्ञानसँग जोडेर निर्माण गरिएको वृत्तचित्रले दर्शकको मन जित्यो । १८ मिनेटमा समेटिएको वृत्तचित्र बुद्धधर्मावलम्बी र शेर्पा जातिको पुरानो बसोबास रहेको सोलुखुम्बुको जुनबेसी गुम्बा, सेलो गुम्बा वरिपरि छायांकन गरिएको थियो ।

ब्राजिलको टीभी सिरियलमा काम गरेका खेन्पो सेनाङले बुद्ध शिक्षा अध्ययन गरी बुद्धिष्ट फिलोसोफिमा पीएचडी गरेका छन् । माथिल्लो मुगुमा जन्मिएका निर्देशक खेम्पो ३० वर्षदेखि औपचारिक रूपमा बुद्ध शिक्षामा अध्ययनरत छन् ।

## सोलो "शान्ति" रिलिज

काठमाडौं । सामाजिक पारिवारिक कथाबस्तु रहेको फिल्म 'शान्ति' रिलिज भएको छ । फाल्गुनन्द लिङ्देन फिल्मस्को व्यानरमा निर्माण भएको फिल्ममा दिनेश लिङ्देनको लेखन तथा निर्देशन छ । निर्देशक लिङ्देनले फिल्मले वैदेशिक रोजगारमा रहेका नेपालीहरुको यथार्थता, नारीको संवेदनशिलता जस्ता विषयलाई समेटेको बताए । 'फिल्म सरल र शिष्ट शैलीमा निर्माण गरेका छौं । समाजको कथालाई हामीले फिल्ममार्फत देखाएका छौं,' निर्देशक लिङ्देनले भने ।

फिल्ममा सुशिल क्षेत्री, निशा पोमु, सुप्रिया श्रेष्ठ, सन्जिब थेबे, सुदिता लिङदेन, बालदिप राई, शर्मिला शर्मा, खुस्बु चेम्जोङ, अजय खडका, प्रदिप योङहाङ, महेन्द्रकुमार राई, सुमित्रा अधिकारीको अभिनय छ ।

कविता राई लिङ्देन प्रस्तुतकर्ता, बसन्त थेबे कार्यकारी निर्माता र शान्ता बखिम थेवे निर्माता रहेको फिल्ममा विकास चौधरीको संगीत, जनक कार्कीको नृत्य, राजु किराँतीको द्वन्द्व, रोशन वान्तवा राईको पार्श्व संगीत, ज्ञानु राईको छायांकन र मेगबहादुर मगरको सम्पादन छ ।

## जलरङ महोत्सव हुने

काठमाडौं । कला र पर्यटनलाई जोड्दै काठमाडौं र लुम्बिनीमा 'दोस्रो अन्तर्राष्ट्रिय जलरङ महोत्सव' हुने भएको छ । इन्टरनेसनल वाटरकलर सोसाइटी नेपाल च्याप्टरले आयोजना गर्न लागेको महोत्सवमा नेपालसहित ४० देशका कलाकारले कुची चलाउने छन् । सोसाइटीका अध्यक्ष एनबी गुरुङले भौगोलिक रुपले कला र पर्यटन सँगसँगै जोडेर जलरङ क्यानभासमा भर्ने शैली नौलो भएको बताए । महोत्सवमा नेपाल पर्यटन बोर्डले सहकार्य गरेको छ । नेपालमा सन् २०१६ मा सहभागी विदेशी कलाकारले नेपाली समाजको अवस्थालाई नजिकबाट देखेकैले पनि यसपटक धेरै कलाकारले नेपाल यात्रालाई दोहो(याएका छन् । पर्यटकीय सिजनको मौका पारेर आयोजना हुन लागेको महोत्सवमा सहभागी हुन यसपटक अमेरिका, भारत, चीन, अल्बानिया, अष्ट्रेलिया, जर्मनी, स्टोनियालगायतका मुलुकबाट कलाकार आउँदैछन् । मंसिर १७ गतेबाट मंसिर २३ सम्म चल्ने महोत्सवको उद्घाटन राजधानीमा भएसँगै कार्यशालाको सुरुवात हुनेछ ।

## छक्कापञ्जा ३ सफलताको सिंढीमा

काठमाडौं । घटस्थापनादेखि प्रदर्शन भएको छक्कापञ्जा ३ ले प्रदर्शनीको ५१औं दिन पूरा गरेको छ । काठमाडौं उपत्यका र मोफसलका गरी १३ वटा फिल्म भवनमा नियमित प्रदर्शनीको ५१औं दिन पूरा गरेको हो । फिल्मले २२ करोडमाथिको व्यापार गरिसकेको निर्माण पक्षले जनाएको छ ।

दीपाश्री निरौलाले निर्देशन गरेको छक्कापञ्जा १ र छक्कापञ्जा २ ले पनि यो व्यावसायिक सफलता हासिल गरेको थियो । 'छक्कापञ्जा १ ले सफल प्रदर्शनको सय दिन र छक्कापञ्जा २ ले पनि सफल प्रदर्शनीको ५१ दिन मनाएको थियो ।

छक्कापञ्जा ३ को कार्यकारी निर्मातामा जितु नेपाल र केदार घिमिरे र निर्मातामा दीपकराज, दीपाश्री निरौला, सुमन गिरी 'भान्जा' र तारा चन्द्र बजगाईं 'निशान' छन् । फिल्ममा दीपकराज गिरी, जितु नेपाल, केदार घिमिरे, दीपिका प्रसाईं, शिवहरि पौडेल, शिशिर बांग्देल, नीर शाह, किरण केसी, जयनन्द लामालगायतको अभिनय रहेको छ ।

*(अनलाइनहरुबाट)*

## अंग्रेजी शब्दावलीको ज्ञान बढाऔं

Brook = सहनु वा सहिष्णुता प्रदर्शन गर्नु A strict teacher never brooks nonsense from his pupils (एक कडा गुरुले उसका विद्यार्थीहरूले गरेको नचाहिने क्रियाकलाप कहिल्यै सहँदैनन्)

Contention = ठोकुवा वा निश्चित भनाइ It is my contention that if you try your best you can score higher (म ठोकेरै के भन्न सक्छु भने यदि तिमीले राम्रो प्रयास गर्‍यौ भने उच्च अंक प्राप्त गर्न सक्छौ)

Disingenuous = परिपक्व । अनुभवी Young though he is, his remarks indicate that his is disingenuous (उमेरमा कच्चै भए तापनि उसका अभिव्यक्तिहरूले ऊ परिपक्व भएको जनाउँछ)

Extrapolation = अनुमान, प्रक्षेपण As per the extrapolation based on random queries, the ruling party may be defeated in the forthcoming election (छिटपुट सोधपुछको आधारमा गरिएको अनुमान अनुसार सत्तारुढ दल आगामी निर्वाचनमा पराजित हुन सक्छ)

Fugitive = थोरै अवधिमात्रै टिक्ने, पलायन गर्न लागेको The present day films give only a fugitive impression to the spectators (आजकालका सिनेमाहरू दर्शकहरूलाई खाली केही क्षणको लागि मात्रै प्रभाव छाड्ने किसिमका हुन्छन्)

Gusty = हुरी लागेको बेला Boating is hardly possible in a gusty weather (हुरी लागेको बेलामा डुंगा खियाउनु प्रायः असम्भव हुन्छ)

Hoax = हँसाउने कुरा वा ठट्टा Embarassed by the hoax, she reddened and went out (ठट्टा पचाउन नसकी रातो मुख लगाउँदै तिनी बाहिर निस्किन्)

Inert = चल्ने शक्ति नभएको, कमजोर For being inert, he passes most of his time laying in bed ( हलचल गर्ने शक्ति नभएको हुँदा ऊ आफ्ना समय सुतेरै बिताउँछ)

Lustrous = चम्किलो She is beautiful not because of her face but for her lustrous eyes (अनुहारको कारणले नभै चम्किला आँखाका कारण तिनी सुन्दरी छिन्)

## ज्ञान/विज्ञान प्रश्नोत्तरहरु

सन् १९७४ लाई जनसंख्या वर्षको रुपमा कसले मनाएको थियो ?
- युएनओ

हनुमानढोकाको सुनको ढोका कहिले र कसका पालामा निर्माण भएको हो ?
- वि.सं. १८६७ गिर्वाणयुद्धविक्रम शाह

त्रिशूली नदीको उद्गमस्थल कहाा छ ?
- गोसाइाकुण्ड

कर्णाली अञ्चलको क्षेत्रफल कति वर्ग किलोमिटर छ ?
- २१३५१ वर्गकिमि

कुन वर्षमा ६२ वटा विमान अपहरण गरिएका थिए ?
- सन् १९७२

शान्तिश्री भन्नाले नेपालको कुन राजालाई बुझिन्छ ?
- राजा प्रचण्डदेव

बेलायतको इतिहासमा 'कालो वर्ष' भनेर कुन वर्षलाई भनिन्छ ?
- सन् १९७५

इन्द्र सरोवर कुन जिल्लामा पर्छ ?
- मकवानपुर

लोकसेवा आयोगका दोस्रो दोस्रो अध्यक्ष को हुन् ?
- केशरबहादुर केसी

जुडो खेलको जन्मदाता को हुन् र कुन देशका हुन् ?
- जिगोरी थानो, जापान

राजतन्त्रात्मक देशमा सबैभन्दा ठूलो संविधान हुने देश कुन हो ?
- नेदरल्यान्ड

विश्व प्रसिद्ध संगीतकार मोजार्ट कुन देशका थिए ?
- अष्ट्रिया

अमेरिका पत्ता लगाउने क्रममा कोलम्बसलाई सहायता गर्ने व्यक्ति को हुन् ?
- रानी इसाबेला पेरो

गाईको दूधमा कति प्रतिशत पानी हुन्छ ?
- ८७ प्रतिशत

टेम्पोको सुरुवात कुन देशबाट भयो ?
- युगोस्लाभिया

## Put बाट के के कुरा भन्न सकिन्छ थाहा पाइ राख्नुहोस

Put something on = टाँस्नु Could you please put a patch on these trousers. यो पाइन्टको प्वाल परेको ठाउँमा कपडाको टुक्रा टाँस्न सक्थ्यौ कि ?

Put somebody in = मा पार्नु The incident put her in a bad mood त्यो घटनाले उनलाई नराम्रो मानसिक अवस्थामा पार्‍यो ।

Put some body out of = गर्न नसक्ने बनाउनु The injury because of accident put her our of work for several weeks दुर्घटनाको कारण भएको दुखाइले तिनलाई धेरै हप्तासम्म काम गर्न नसक्ने बनायो ।

Put something into = भित्र राख्नु The Indian plan to put a satelitte into the orbit finally succeded पृथ्वी वायुमण्डलभित्र अन्तरिक्षमा उपग्रह राख्ने भारतीय योजना अन्त्यमा सफल भयो ।

Put somebody among = भित्र राख्नु I do not put him among popular singers of Nepal म उसलाई नेपालको लोकप्रिय गायकभित्र राख्दिन ।

Put somebody in = मा राख्नु We put her in the top of the list हामीले तालिकाको सबैभन्दा माथि उनलाई राख्यौ ।

Put like = त्यस्तै ठान्नु, I do not put the election quite like you चुनावको नतिजालाई तिमीले जस्तो ठान्यौ म त्यस्तो ठान्दिन ।

Put somebody through = भित्रभित्रै लिएर आउनु The reality put you through these condtions त्यो यथार्थले तिमीलाई भित्रभित्रै यी अवस्थाहरुमा लिएर आयो ।

Put together = संगसगै राख्नु We want to put you both together in this expedition यो अभियानमा हामी तिमीहरु दुवैलाई सँगसँगै राख्न चाहन्छौं ।

Put about = दिशा बदल्नु Keeping in mind the turbulence the pilot put the plane slowly about हुरी बतासलाई ध्यानमा राख्दै पाइलटले प्लेनको दिशा बदल्यो ।

## सुडोकु-अंक १२८

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | २ | | ८ | | | | ५ | |
| १ | ७ | | | | ५ | | ४ | ३ |
| | | | | १ | | | ६ | |
| | | १ | २ | | ६ | | | |
| | | ५ | | | | ७ | | |
| | | | ४ | | ३ | ८ | | |
| | ९ | | | ४ | | | | |
| ५ | ३ | | १ | | | | ८ | २ |
| | १ | | | | ८ | | ३ | |

## अंक १२७ को नतिजा

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २ | ९ | १ | ४ | ३ | ७ | ८ | ५ | ६ |
| ५ | ६ | ७ | ९ | ८ | १ | ४ | २ | ३ |
| ४ | ३ | ८ | ५ | ६ | २ | ९ | १ | ७ |
| ९ | २ | ६ | ३ | १ | ४ | ४ | ७ | ८ |
| ८ | ७ | ३ | ६ | ५ | ९ | २ | १ | ४ |
| १ | ४ | ५ | २ | ७ | ८ | ३ | ६ | ९ |
| ३ | १ | ९ | ७ | ४ | ५ | ६ | ८ | २ |
| ६ | ८ | २ | १ | ९ | ३ | ७ | ४ | ५ |
| ७ | ५ | ४ | ८ | २ | ६ | ९ | ३ | १ |

# बाल विकास समाजका विविध कार्यक्रम













## बालबालिकाहरूलाई खाजा सहयोग

**गोविन्द वि क**

काठमाडौं । बाल विकास समाजले श्रमिक, सुविधाविहीन तथा जोखिममा रहेका नेपाली बालबालिकाहरूको क्षेत्रमा काम गर्दै आइरहेको छ । न्यून आर्थिक स्थिती भएका, पिछडिएका समुदाय, दैनिक ज्यालादारीमा काम गर्ने, विपन्न वर्गका, श्रमक्षेत्रमा काम गर्ने अभिभावकका बालबालिकाको अधिकार दिलाउने, बालश्रम न्युनिकरण गर्ने, उचित लालन–पालन तथा स्याहार सुसार बारे बाबुआमालाई व्यवहारिक ज्ञान दिनुका साथै श्रमिक अविभावकहरूलाई बालबालिका बोकेर काम गर्नुपर्ने बाध्यता तथा दाइ{दिदीले भाइबहिनी हेरेर बस्दा विद्यालय जान नपाउने अवस्था हटाउन सहयोग पुऱ्याउने अवधारणा अनुसार समाजले दिवा शिशु स्याहार कार्यक्रम गर्दै आइरहेको हो । बालबालिकाहरूको शिक्षा, स्वास्थ्य र जनचेतनामूलक क्षेत्रमा संस्थाले  प्रत्यक्ष रूपमा सहयोग पुऱ्याउने उद्देश्यले संचालन गर्दै आइरहेको यस केन्द्रमा आउने बालबालिकाको लागि संस्थाले दिनमा २ पटक दिवा खाजाको व्यवस्था गरिरहेको छ । बालबालिकालाई खाजा तालिका  अनुसार दैनिक फरकफरक खाजा खुवाउने गरिन्छ ।

बालबालिकालाई खाजा खुवाउन दात संस्था वा अरु कसैको पनि भर पर्न नपरोस वा दात संस्थाले सहयोग नगरेको अवस्थामा पनि केन्द्रमा आउने बालबालिकाले खाजा खानबाट बञ्चित हुन नपरोस भन्ने उदेश्यले यस खाजा कार्यक्रमलाई“बालबालिकासँग खाजा खाऔ कम्तिमा एक दिन सामाजिक उत्तरदायित्व वहन गरौ” भन्ने नाराका साथ अभियानको रुपमा संचालन गरेको हो । अभियानमा बाल विकास समाजका कार्यसमितिका सदस्यहरु, बाल विकास समाजका कर्मचारीहरु, अन्य संघ संस्था तथा समाज सेवीहरुको सहभागीता रहेको छ । विषेशगरी आफना आफन्त, आमा, वुवाहरुको तिथी श्राद्ध, कुनै अवसर खुसियाली, जन्मदिनको अवसर पारेर केन्द्रमा रहेका बालबालिकालाई खाजाका लागि सहयोग गर्दै आउनु भएको हो । समाजसेवी मञ्जुश्री पान्डे तथा राजकुमार पान्डेले संस्थालाई आर्थिक सहयोग उपलब्ध गराउनु भएको हो । केन्द्रमा रहेका बालबालिकाहरुका लागि उहाँहरुले उक्त रकम सहयोग गर्नु भएको हो । उहाँहरुले संस्थालाई रु १०००१ रुपैया रकम सहयोग गर्नु भएको छ । संस्थाका अध्यक्ष सुवास गौतमले उक्त सहयोगका लागि संस्था तथा व्यक्तिगत रुपमा धन्यवाद दिनु भएको थियो । बालबालिकाहरुलाई सहयोग गर्ने मौका संस्थाले दिएकोमा संस्थालाई धन्यवाद दिएका थिए ।

## बालबालिकालाई मनोसामाजिक समस्याका बारेमा अभिमुखीकरण

बाल विकास बालक्लवका बालबालिकाहरुलाई मनोसामाजिक समस्याका बारेमा एक दिने अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको छ । बालबालिकाहरुलाई विभिन्न समस्याले सताइरहेको हुन्छ र उक्त समस्याको बारेमा कसैलाई पनि भन्न नसकिराखेको अवस्थामा यस प्रकारको छलफलले उनीहरुलाई आफनो समस्या भन्नका लागि सहज हुने विश्वास गरिएको छ । उक्त छलफलमा विभिन्न विद्यालयमा अध्ययन गर्ने बालबालिकाहरुको सहभागिता रहको थियो । अभिमसखीकरण कार्यक्रमको सहजिकरण पुष्पा अधिकारीले गर्नुभएको थियो । छलफलमा मनोसामाजिक समस्या के कारणले हुन्छ र यसबाट बच्नका लागि कस्ता उपायहरु अपनाउनु पर्छ भन्ने बारेमा छलफल गराइएको थियो ।

बालबालिकाहरुले मनोसामाजिकको बारेमा खुलेर जिज्ञासा राखेका थिए । उनीहरुले बाल विकास बालक्लवले अयोजना गरेको छलफल कार्यक्रममा सहभागीको लागि खुशी व्यक्त गरेका थिए । छलफल कार्यक्रममा बालबालिकाहरुले आफनो समस्या सबैको अगाडी भन्न नचाहेका हुनाले उनीहरुले छुटै भेटेर समस्या राख्ने कुरा बताएका थिए ।  मनोसामाजिक समस्यामा परेका बालबालिकाहरुले पढाईलगायत अन्य कुनैपनि क्रियाकलापमा सहभागी हुन तयार नहुने कुरा बताउनु हुन्छ सहजकर्ता पुष्पा अधिकारी ।

## गणतन्त्र...

फुलाएर खान खोज्दैछन् र दलाल नेपाली राजनीतिक दल र तिनका नेताहरु त्यसैको पछि लागिरहेका छन । होइन मोदी नेपालका साँच्चै शुभेच्छुक थिए भने 'नेपालको एक इन्च जग्गा भारतलाई खान परेको छैन', अन्तर्राष्ट्रिय सीमाविदहरु राखी पुरानो अभिलेख, नक्सा र दस्तावेजको आधारमा भारत नेपाल सीमाको सिमांकन गर्न भारत तयार छ' भन्थे होला । खै मोदीको मुखबाट त्यस्तो कुरा निस्केको छैन । देशमा राजनेताको खडेरी पर्नु अनि विदेशी नेताको लोकप्रियता बढ्नु भनेको नेपाली राष्ट्रवादका लागि कुलक्षण हो ।

राजनेता भन्ने त्यस्तो ब्यक्ति हो जो सादा जीवनमा विश्वास गर्दछ । हाम्रा जति राम्रा होइनन् राम्रा जति सबै हाम्रा भन्ने कुरामा विश्वास गरी सोही अनुरुप व्यवहार गर्दछन । राष्ट्रवाट लिने होइन राष्ट्रलाई के दिन सकिन्छ भनेर दिन रात चिन्तन र सोही अनुरुप आफै उदाहरण भएर देखाउन सक्ने व्यक्ति मात्रै राजनेता हुन सक्छ । सो कुरालाई मनन गर्ने हो भने नेपालमा हालसम्म कुनै राजनेता जन्मन सकेका छैनन् र यसैको कारण नेपालले सिक्किमको नियति भोग्ने दिन नजिक नजिक आउँदो छ किनकी नेपालमा राजनेताको हिजो पनि खडेरी थियो, आजपनि छ र भोली पनि हुने हो भने देशको स्वतन्त्रता नरहने पक्का छ ।

## ज्येष्ठ...

डबलीमा उपस्थित भएर सम्मान ग्रहण गरेका थिए भने स्वास्थ्यका कारण कतिपय उपस्थित हुन सकेनन् । समारोहमा उपस्थित हुन नसक्नेलाई आयोजकले घरमै पुगेर सम्मान हस्तान्तरण गर्ने जानकारी गराएको छ ।

शतवार्षिकी कार्यक्रमका संयोजक सोनाम साथी र सहिदहरुकी आमा सीतादेवी दाहालले खादा र सयपत्री फूलको मालासहित सम्मानित हुनेहरुलाई अभिनन्दन गरेका थिए । अभिनन्दित हुनेहरुमा हर्ष स्याङ्बो, लक्ष्मीभक्त उपाध्याय, स्नेहलता, खगुलाल गुरुङ, वसन्त गौचन, भैरव रिसाल, नन्दन अर्याल, गोविन्द महर्जन, बाबुकाजी महर्जन, पूर्णलाल वि.क., शान्तदास मानन्धर, खम्बसिंह कुँवर 'काजीबा' कृष्णदास श्रेष्ठ, प्रा.माणिकलाल श्रेष्ठ, चतुरमान सुनुवार, सीताराम ठाकुर, निविष शर्मा, लीलाधर गौतम, गोविन्द ज्ञवाली रहेका छन् ।

आयोजकले जानकारी गराएअनुसार १ वर्षभरि मुलुकका विभिन्न ठाउँमा उत्सव यात्रा गरिएको थियो । उत्सव यात्राका दौरान विचारगोष्ठी, कार्यपत्र प्रस्तुति लगायतका कार्यक्रममा बुद्धिजीवी संगठन र प्रगतिशील लेखक संघको सक्रिय सहभागिता रहेको थियो । समापन समारोहलाई विशेष उत्सवका रुपमा मनाउन पुराना कलाकार, सांस्कृतिककर्मी, लेखक, कवि तथा विभिन्न पार्टीका नेताहरु, मार्क्सवादप्रति आस्था राख्नेहरुको उल्लेख्य सहभागिता रहेको थियो ।

कार्यक्रममा नेकपा मालेका महासचिव सीपी मैनाली, नेकपा स्थायी समिति सदस्य लीलामणि पोखरेल, नेतृ शशि श्रेष्ठ, पूर्व राजदूत डा.महेश मास्के, समालोचक निनु चापागाई लगायतको उपस्थिति रहेको थियो । प्रगतिशील फाँटका वरिष्ठ कलाकार रामेश, रायन, जेबी टुहुरे, मणि थापा, माधव प्रधान लगायत नयाँ पुराना कलाकारको गीत प्रस्तुति र सामना परिवारका कलाकारको जोशिलो नृत्य प्रस्तुतिले उत्सवलाई विशेष बनाएको थियो । त्यसैगरी कवि केशव विनामी, केशव सिलवाल, पुरुषोत्तम सुवेदी, माधव घिमिरे अटल, मुक्तान थेवा, राजभाइ जकमी, राजु स्याङतान, राम विनय, सीता शर्माले कविता वाचन गरेका थिए ।

## के हो युनिफिकेसन...

कोरियाबाट भाग्न सफल भए । सन १९५२ मा पत्नीसँग सम्बन्ध विच्छेद गरेका मुनले १९५४ मा सोल पुगेर युनिफिकेसन चर्चको स्थापनापछि आफूलाई 'मसिहा' घोषित गरे । एक वर्षभित्रै उनका अनुयायीले ३० वटा चर्च स्थापना गरे । त्यसपछि मुनले 'द डिभाइन प्रिन्सिपल' नामक पुस्तक लेखे । यसमा उनको धार्मिक सम्प्रदायबारे व्याख्या गरिएको छ । चालीस वर्षको उमेरमा सन् १९६० मा उनले हाक जा हानसँग विवाह गरे । उनी त्यतिबेला मात्र १७ वर्षकी थिइन् । त्यसपछि हान युनिफिकेसन चर्चाको सहसंस्थापक बनिन् । त्यसै समयदेखि उनीहरुले आफूहरुलाई 'सत्य अभिभावक घोषित गरे । उनीहरुका सन्तानलाई सत्य सन्तान र उनीहरुको परिवारलाई 'सत्य परिवार' भन्न थालियो । कालान्तरमा हानले १४ सन्तान जन्माइन । त्यसपछि मुनले युनिफिकेसन चर्चको प्रचार गर्दै विश्व भ्रमण गर्न सुरु गरे । 'म नयाँ युग र नयाँ सत्यको घोषणा गर्न अमेरिका आएको हुँ' उनले भनेका थिए । उनले अमेरिकी राजनीतिमा समेत प्रभाव पार्ने कोसिस गरे । तत्कालीन अमेरिकी राष्ट्रपति रिचर्ड निक्सन वाटर गेट कान्डमा फस्दा उनको समर्थनमा मुन समर्थकहरुले विशाल प्रदर्शन गरेका थिए ।

### युनिफिकेसन चर्चको विशेष काम

यो धार्मिक सम्प्रदायले सुरुदेखि नै विवाहमा विशेष जोड दिएको छ । यो धर्म विवाह र पारिवारिक मान्यतामा आधारित छ । बाइबल र चिनियाँ धर्मगुरु कन्फ्युसियसको मान्यतालाई मिश्रण गरेर यस्तो मान्यता विकसित गरिएको जानकारहरु बताउँछन् । युनिफिकेसन चर्चको मान्यताअनुसार ईश्वरले जिससलाई मानव मुक्तिका लागि विवाहलाई परिपूर्ण बनाउन पठाएका थिए । तर जिसस त्यसअघि नै यहुदीहरुद्वारा मारिए । त्यो लक्ष्य पूरा गर्न मुनलाई जिससले पठाएको दाबी उनको छ । आफ्नो विवाहपछि यो जोडीले सामूहिक विवाह गराएर नवविवाहितहरुलाई आशिर्वाद दिने प्रचलन सुरु गर्‍यो । हजारौं जोडीको सामूहिक विवाहले संसारभर चर्चा पाउन थाल्यो । यसलाई होली म्यारिज ब्लेसिङ सेरेमोनी भनिन्छ ।

यो सम्प्रदायका अनुयायीको जीवनसाथी समेत चर्चले छानिदिन्छ । आफ्ना थुप्रै अनुयायीको जोडी मुन आफैंले छानिदिएका थिए । उनले अलग अलग देश जाति र समुदायका नागरिकलाई वैवाहिक बन्धनमा बाँधिदिएका थिए । यसले विश्वमा शान्ति फैलाउन मद्दत पुग्ने उनको विश्वास थियो । यस्ता समारोहमा पहिले बेहुला बेहुलीले एक अर्कालाई हिर्काएर पापबाट मुक्त गर्छन् । त्यसपछि होली वाइन सेरेमोनी हुन्छ । जोडीले एक कप वाइन बाँडेर पिउँछन् । त्यसपछि उनीहरुले एक अर्कालाई साथ दिने कसम खान्छन् । पवित्र जल छर्किएर उनीहरुलाई आशिर्वाद दिइन्छ । विवाहपछिको चालीस रात पतिपत्नी साथ बस्न पाउँदैनन् । उनीहरु एक अर्कासँग अलग रहन्छन् । विवाहको अनुष्ठानलाई पापयुक्त वंशबाट निस्किएर ईश्वरको पापहीन वंशमा प्रवेश गरेको उनीहरु मान्छन् । चर्चको जोडी छानिदिने परम्पराको तीव्र विरोध भइरहेको छ । चर्चले छानिदिएका जोडीहरु धेरैको घरबार बिग्रिएको छ । यदि मुनहरु जिससका पुत्रपुत्री भएका भए किन उनीहरुले छानिदिएका जोडीहरुको सम्बन्ध विच्छेद हुन्थ्यो ?

सन् २०१२ मा मुनको मृत्यु भयो । त्यसपछि युनिफिकेसन चर्चमा फुट आयो । बहुमत हिस्साले मुनपत्नी हाक जा हानलाई 'मसिहा' र 'मानव' जातिको 'माता' ठान्छन् । तर हानकै दुई जना छोराले चर्चको अंशबन्डा गरेका छन् । मुनका जीवितमध्ये जेठा छोराले 'फेमेली पिस एन्ड एसोसिएसन' को नेतृत्व गरिरहेका छन् । कान्छा छोराले स्यांक्चुअरी चर्च' स्थापना गरेका छन् । युनिफिकेसन चर्च राजनीति जस्तो सुनिए पनि यो आफैंमा विवादास्पद संस्था हो । धर्ममाता भनिने हाक जा हानको अन्तिम लक्ष्य आफूलाई जिससपुत्री घोषणा गर्नु रहेको छ । नेपाल सरकारलाई झुक्याएर उनी जिससपुत्री बन्न सफल भएकी छन् । हानले आफ्नो सम्मेलनमा नेपालको पूरै राज्य सत्तालाई परिचालन जसरी गरिन् त्यसले नेपालको बहुसंस्कृति, हिन्दु र बौद्ध धार्मिक मान्यताको धज्जी उडाएको छ । एसिया प्यासिफिक समिटमा पचास देशका प्रतिनिधि आए । तीमध्ये कम्बोडियाका प्रधानमन्त्री हुन सेन र म्यानमारकी स्टेट काउन्सिलर आङसान सुकी चर्चमा रहे । हुन सेन १९८५ देखि निरन्तर सत्तामा छन् । गत जुलाईमा प्रमुख प्रतिपक्षमाथि प्रतिबन्ध लगाएर उनले चुनाव गराएका थिए । राष्ट्र संघ र अन्तर्राष्ट्रिय संघसंस्थाले सो निर्वाचनलाई अझै मान्यता दिएको छैन । सुकीले म्यान्मारका अल्पसंख्यक रोहिंग्या मुसलमानको आम नरसंहार गर्न र उनीहरुलाई त्यहाँबाट लखेट्न सहयोग पुर्‍याएको भनेर विश्वमै आलोचित छिन् । रोहिंग्याबारे नेपाल सरकारले चुँसम्म पनि सुकीसँग कुरा उठाएन । कम्बोडियासँग उडान सम्झौता भए पनि त्यसले खासै अर्थ राख्दैन ।

सम्मेलनको उपलब्धि भनेको प्रधानमन्त्री ओलीले १ लाख डलरको लिडरसीप एन्ड गुड गभर्नेन्स धनराशि प्राप्त गर्नु, १५ सय जनाले होली वाइन पिउन पाउनु मात्र हो । जनतालाई सास्ती दिएर सरकारले जसरी क्रिश्चियन सम्मेलन गरायो, त्यसले नेपाल क्रिश्चियन पथमा अघि बढेको विश्व सन्देश प्रवाहित भएको छ । संविधानको धारा २७७ ले नेपाल सरकारबाट स्वीकृति प्राप्त नगरी कुनै पनि नागरिकले कुनै विदेशी सरकारबाट प्रदान गरिने उपाधि सम्मान वा विभूषण गर्न नपाइने व्यवस्था गरेको छ । तर प्रम ओलीले मन्त्रिपरिषद् छलेर १ लाख डलरको 'लिडरसीप एन्ड गुड गभर्नेन्स अवार्ड लिनुले लोकतन्त्रकै हुर्मत लिएको छ । सम्मेलनभर होटल सोल्टीमा मुकाम जमाएर दैनिक प्रशासकीय काम समेत छोडेर युनिभर्सल पिस फेडरेसनको एसिया प्यासिफिक समिटलाई सफल पारेकैले उनले यो अवार्ड पाएका हुन् । यो राष्ट्रकै बेइज्जत हो । यसरी नै डेढ दशक अघिदेखि माधव नेपाल युनिभर्सल पिस फेडरेसनको नजिक रहेर पटक पटक कोरिया भ्रमण गरेको रहस्य पनि उजागर भएको छ । नेपाललाई धर्मनिरपक्ष देश बनाउने खेलका खेलाडीहरु माधव नेपाल र प्रचण्ड रहेछन् भन्ने थाहा पनि नेपाली जनताले यसै पटक पाएका छन् । प्रचण्डलाई युनिफिकेसन चर्चका पदाधिकारीरले निवासमै गएर भेट्नु महँगा पुरस्कार दिनु र शान्ति दूत भन्नुले सबै कुरा छर्लंग भएको छ । सम्मेलनले पर्यटनमा लाभ र कूटनीतिक विस्तारमा योगदान पुर्‍याउने सरकारी दाबी हास्यास्पद सावित भएको छ ।

## जलवायु...

तथा निजी क्षेत्रको सहभागिता रहनेछ । राष्ट्रिय गौरवको आयोजना मेलम्ची खानेपानी मुहान हिम श्रृंखला, सामुदायिक वनको उद्गम स्थल र विद्युत् आयोजनाहरुको प्रचुर सम्भावनाबाट चिनिने जिल्लामा जलवायु परिवर्तन भएका र हुन सक्ने प्रभावको विशेष छलफल हुनेछ ।

## सम्झौता...

गाउँपालिकाबाट ब्यहोरिने भएको छ । सम्झौता पत्रमा प्रतिष्ठानका तर्फबाट अध्यक्ष सुरेन्द्र ढकाल र सामुदायिक विकास केन्द्रको तर्फबाट प्रेम बहादुर शाहीले हस्ताक्षर गर्नुभएको थियो । सम्झौतापश्चात प्रतिष्ठानले प्रदान गर्ने कुल रकममध्येको प्रथम किस्ता रु १००,०००/- को चेक अध्यक्ष ढकालले शाहीलाई प्रदान गर्नुभयो ।

## पप्पुलाई...

गरी पप्पुले ठेक्का लिएको थियो । तर २८ महिनामा सात प्रतिशत मात्र काम गरेपछि पप्पुसँग ठेक्का तोडी नयाँ टेन्डर खोलिएको थियो । ९८ करोड ८१ लखमा लिएको ठेक्का काम नगरी अलपत्र पारेपछि उक्त आयोजनाको काम २ वर्ष पर धकेलिएको छ । पप्पुले सिक्टा सिंचाइको अलावा मुलुकभर थुप्रै पुलहरु पनि ठेक्कामा लिएर अलपत्र पारेको छ । बाँके जिल्लाको नौवास्तामा खुला कारागार निर्माणको काम पनि पप्पुले ३९ करोडमा ठेक्का लिएको थियो । ठेक्का लिएको डेढ वर्षमा ५ प्रतिशत मात्र काम गरेको छ । मुलुकभर दर्जनौं आयोजना बर्बाद पार्ने पप्पुले पछिल्लो चरणमा नेपाल राष्ट्र बैंकको केन्द्रीय कार्यालयको भवन निर्माण गर्ने ठेक्का पारेकोमा त्यो भने रोकिएको छ । अन्य ठेकेदार कम्पनीभन्दा न्यून मूल्यमा ठेक्का पार्ने अनि मोविलाइजेसन रकम लिएर त्यसको दुरुपयोग गर्दै अन्तै लगानी गर्ने र आयोजना अलपत्र पार्ने गरेका थिए । पप्पु कन्स्ट्रक्सन कति पावरफुल छ भन्ने तथ्य अहिलेको फैसलाले स्पष्ट पारेको छ । राम्रो काम गर्ने ठेकेदार कामविहीन हुनु पप्पु जस्ताले आयोजना हात पार्नु र राज्यका निकायहरु पप्पुकै पक्षमा सक्रिय बन्नुले पप्पुराजले निरन्तरता पाउनेमा कुनै शंका छैन ।

## मागियो...

आम लगानीकर्तामा पुर्‍याइओस् ।

३. धितोपत्र बोर्डले तीन वर्ष अघिदेखि गैरआवासीय नेपाली र विदेशमा बस्ने नेपालीलाई पूँजी बजारमा ल्याउन कार्यविधि बन्दै गरेको भन्दै आएकोमा तत्काल सो कार्यविधि लागु गरी उनीहरुलाई पूँजी बजारमा भित्र्याइयोस् ।

४. शेयर दलालमार्फत मार्जिन ट्रेडिङ तत्काल खुला गरियोस् ।

५. शेयर धितो कर्जाको सीमा धितो मूल्यांकनको ८० प्रतिशत पुर्‍याइयोस् र जोखिम पारित अंश १०० प्रतिशत वा सोभन्दा कम कायम गरी सस्तो ब्याजमा कर्जा प्राप्त हुने व्यवस्था गरियोस् । प्राथमिक पूँजीको २५ प्रतिशतसम्म हैन, कुल कर्जा लगानीको २५ प्रतिशत रकम बैंक तथा बित्तीय संस्थाले शेयर धितो कर्जा प्रबाह गर्नसक्ने ब्यवस्था होस् ।

६. धितोपत्र बोर्डले तीन बर्षदेखि भन्दै आएको मार्केट मेकर र डिलरशीपको तत्काल ब्यवस्था होस् ।

७. ग्रेड चार र पाँच रेटिङ प्राप्त गरेका कम्पनीहरुलाई आईपीओ बिक्री गर्न तत्काल बन्देज लगाई जलबिद्युत र अन्य कम्पनीहरुलाई प्रत्यक्ष नियमनकारी निकायको ब्यवस्था भएपछि मात्र आईपीओ ल्याउन पाउने ब्यवस्था गरियोस् ।

८. कम्पनीले हकप्रद शेयर बिक्रीको प्रस्ताव सार्वजनिक गर्नु अगावै संस्थापक र आधारभुत शेयरधनीहरुले प्रस्तावित हकप्रदको ७५ प्रतिशत रकम जम्मा गरेपछि मात्र प्रस्ताव सार्वजनिक गर्न र साधारणसभामा पेश गर्न पाउने ब्यवस्था गरियोस् ।

९. सहायक कम्पनी खोलेर आबेदन गरेका बाणिज्य बैंकलाई तत्काल ब्रोकर लाईसेन्स दिनुका साथै देशका सबै जिल्ला समेट्ने गरी नयाँ शेयर दलालहरुलाई तत्काल ब्रोकर लाईसेन्स दिएर पूँजी बजारमा देशभरिका जनताको पहुँच कायम हुने ब्यवस्था गरियोस् ।

१०. कम्पनीहरुले एफपीओ बिक्रीको प्रस्ताब गर्दा प्रति शेयर नेटवर्थभन्दा मूल्य बढी नहुने शर्तमा मात्र स्वीकृत गरियोस् ।

## पोस्टरले...

पोस्टरकै शैलीमा निर्मलाको पोस्टर बनाएर मुलुकभर टाँस्न थालेपछि गृह प्रशासनले पोस्टर च्यात्न निर्देशन दिएको छ । पोस्टर टाँस्नेहरुलाई धरपकड गर्दै कायरता देखाएको सरकारका कान र आँखा खोल्न पोस्टर आन्दोलन प्रभावकारी बनेको छ । त्यसैको प्रभावस्वरुप गृह मन्त्रालयमा अनुसन्धानलाई प्रभावकारी बनाउने बारेमा छलफल भएको हो ।

यसैबीच प्रहरीले प्रदीप रावल नाम गरेका युवालाई निर्मलाको बलात्कार र हत्या गरेको आशंकामा पक्राउ गरेको छ । प्राप्त समाचारअनुसार अन्य तीन जनालाई पनि महेन्द्रनगरमा पक्राउ गरिएको छ । यिनीहरुको डिएनए परीक्षण भइरहेको र परीक्षणबाट पुष्टि नभएसम्म प्रहरीले विवरण सार्वजनिक नगर्ने भएको छ । निर्मलाको हत्या भएपछि भारत बस्दै आएका यी युवाहरु लागू पदार्थ दुर्व्यसनी समेत रहेको प्रहरी स्रोतबाट जानकारी प्राप्त भएको छ । प्रहरीले निर्मलाको सामूहिक बलात्कार भएको हुन सक्ने आशंका गरेको छ ।

निर्मलाको न्यायका लागि भइरहेको आन्दोलन जति लम्बियो सरकार उति नै दबाबमा पर्नुको साथै थप बदनाम समेत बन्ने भएकाले गृह प्रशासन सम्पूर्ण संयन्त्र परिचालन गरेर पनि हत्यारा पत्ता लगाउने अभियानमा जुटेको छ । निर्मलालाई न्याय माग गर्दै भएका आन्दोलनमा प्रहरी हस्तक्षेपबाट घाइते भएकाहरु उपचार खर्चको अभावमा रहेकाले सम्पूर्ण घाइतेको निःशुल्क उपचार गराउन समेत सरकारको ध्यानाकर्षण गराइएको छ ।

## भारतीयले...

दूरीमा मात्रै सडक निर्माण गर्नुपर्छ भन्दै रोकेको उनले बताइन् । आफ्नै जमिनमा पनि सडक बनाउँदा भारतीय पक्षले अवरोध गरेको थुनासो उनको छ । भारतीयले अवरोध गरेपछि स्थानीयको सपना चकनाचुर भएको छ । स्थानीय जनप्रतिनिधि प्रेमबहादुर चन्दले दशगजा पर्ने नपर्ने विषयमा यसअघि नगरपालिकाबाट अमिन ल्याएर नापनक्साङ्कन पर्ने बताए । उनका अनुसार गड्डाचौकीदेखि ब्रम्हदेवसम्म सडक विस्तारका क्रममा झण्डै ८० परिवारको जमिन भएर जाँदै छ । भीमदत्त नगरका सुचना अधिकारी हरिसिह धामीले नगरपालिकाले सीमावर्ती जनताको माग अनुसार सडक स्तरोन्नती गरिरहेको बताए ।

तेस्रो धार

# किन बढ्दै छन् बलात्कारका घटना ?

लिलेश यादव



सुन्दर भविष्य बनाउने उद्देश्य लिएर पढ्न गएकी छोरी, आफ्नो परिवारलाई गरिवीबाट माथि उठाउनका लागि जागिर गर्न गएको छोरी वा साथीहरूसँग मेला घुम्न गएको छोरी सकुशल घर फर्किने हो कि होइन भन्ने चिन्ताले हरेक आमाबुवालाई सताइरहेको हुन्छ । आमाबुवालाई चिन्ता हुनुको विभिन्न कारणहरू मध्ये बलात्कार एउटा ठूलो चिन्ताको बिषय हो । आजभोली बलात्कार हुने त्राश धेरै दिदीबहिनीहरूलाई हुने गर्छन । किनभने कतै पाँच बर्ष भन्दा मुनिको नानी बलात्कृत भएकी छिन् भने कतै ७० बर्षभन्दा बढी उमेरका महिला बलात्कृत हुन्छिन् । कतै आफ्नै बुवाबाट, शिक्षकबाट, आफन्तबाट बलात्कार भइरहेकी छिन् । गएको सात बर्षमा नेपालमा ६,६२७ बलत्कारसम्बन्धी मुदा दर्ता भएको छ । नेपालमा प्रत्येक महिना ७८ ओटा बलत्कारसम्बन्धी मुदा दर्ता हुन्छ । जसमध्ये सन् २०१७ र १८ मा मात्र १४८० वटा मुदा दर्ता भएका छन् । जुन नेपालको जनसंख्याको आधारमा धेरै नै हो । नेपालमा बलात्कार हुने संख्यामा धेरै वृद्धि हुनुको कारणहरू धेरै छन् जसमध्ये केही प्रमुख कारणहरूलाई यहाँ विश्लेषण गरिएको छ ।

### कडा कानुन तथा छिटो न्याय प्रणालीको व्यवस्था

नेपालमा केही वर्ष पहिले बलात्कार गर्नेलाई ५ देखि ३० वर्षसम्म कैद हुने गर्थ्यो तर नेपाल सरकारले ल्याएको नयाँ कानुनले जर्बजस्ती करणी गरी यदी मारेको छ भने आजीवन कारावास हुने व्यवस्था गरेको छ । तर पनि नेपालकी महिला तथा दिदीबहिनीहरूले बलात्कारीलाई फाँसी दिनु पर्ने कानुनको माग गर्दै विभिन्न ठाउँमा प्रदर्शनहरू गरेका छन् ।

उदाहरणको रूपमा केही समय पहिले माइतीघर मण्डलमा पेटिकोट लगाएर युवतीहरूले प्रदर्शन गरेका थिए । ती प्रदर्शनकारीको मुख्य माग बलात्कारीलाई फाँसी दिनु पर्ने नै थियो । विश्वका विभिन्न देशहरूले बलात्कारीलाई फाँसी दिनुपर्ने कानुन ल्याएका छन् । जुन किसिमले नेपालमा बलात्कारका घटना वृद्धि भइरहेको छ, त्यस अनुसार नेपालमा पनि बलात्कारीलाई फाँसी दिनुपर्ने नयाँ कानुन ल्याउनुपर्ने देखिन्छ ।

नेपालमा जति धेरै बलात्कारको घटनासम्बन्धी मुद्दा दर्ता भए पनि त्यसको २५ प्रतिशतले पनि मुस्किलले न्याय पाउने गरेका छन् । बलात्कृत भएकी महिलाले न्यायको ढोका धेरै दिनसम्म ढकढकाउनु पर्ने हुनाले कतीपय महिला मुद्दा लडेर न्याय पाउनुभन्दा पनि मिलापत्र गर्ने अवस्थामा पनि पुगेका हुन्छन् । ढिलो न्याय पाउने व्यवस्थाले गर्दा बलात्कृत महिला माथि विभिन्न किसिमका दबाबहरू आउने गर्छन् । नेपाल सरकारले बलात्कारलाई महिलामाथि हुने सबैभन्दा गम्भीर अपराधको संज्ञा दिँदै कठोर सजाय दिने कानुनी व्यवस्था ल्याउन जरूरी छ ।

### एउटै परिवारमा राजनीति केन्द्रीकरण हुनु :

एउटै परिवारबाट स्थानीय निकायको मेयर अथवा उपमेयर, प्रदेशसभाको सदस्य र प्रतिनिधिसभाको सदस्य हुनुलाई राजनीतिको केन्द्रीकरण हुनु भनिन्छ । नेपालमा केहि यस्ता परिवार पनि छन् जसका सदस्यहरू स्थानीय निकायको मेयरदेखि प्रतिनिधिसभाको सदस्य भएका छन् । राजनीतिक रूपले त्यस्ता परिवारहरू एकदम बलिया छन् । यस्ता परिवारको कारणले गर्दा नेपालमा भ्रष्टाचार समेत बढ्दै गएको छ । यस्ता परिवारका सदस्यले केहि गल्ती गर्दा पनि कसैले केही बोल्न सक्दैनन् । यस्ता परिवारको गतिविधिलाई हेर्दा कतिपय बुढापखाहरूले भन्ने गर्छन् नेपालमा फेरी राणासाशन आयो । यस्ता परिवारले जनताको सल्लाह सुझाब बिना नै एकलौटी रूपमा निर्णय लिने गरेका छन् ।

निर्मला पन्तलाई बलात्कार गरी हत्या गरेको महिनै बितिसक्यो तर त्यसको दोषी पता नलाग्नुमा कतै न कतै राजनीतिक शक्ति केन्द्रीकरण नै हो जस्तो लाग्छ । देशका हजारौं युवा, पत्रकार र शुभचिन्तकहरूले सडकमा आएर प्रदर्शन गरे तर अहिलेसम्म निर्मलाको हत्याराको पत्तो लागेको छैन ।

### लागूपदार्थको प्रयोग

नेपालमा लागूपदार्थ तथा जाँड रक्सीको प्रयोग अत्याधिक मात्रामा भइरहेको पाइन्छ । एउटा नाबालक युवादेखि लिएर बुढापाखाहरू समेत यस्ता कुलतमा फँसेको छन् । विश्व स्वास्थ्य संगठनले १८३ देशमा लागू औषध प्रयोगकर्ताको बारेमा अध्ययन गर्दा नेपाल ११९ औ स्थानमा परेको छ । यो प्रतिवेदनले यो देखाउँछ कि नेपाल लागूपदार्थ तथा जाँडरक्सी प्रयोगमा नराम्रोसँग फस्दै गएका छन् ।

नेपालमा बलात्कारमा वृद्धि भइरहनुको एउटा मुख्य कारण लागूपदार्थको प्रयोग पनि हो । लागूपदार्थ तथा जाँड रक्सीको सेवन बढ्दै जाँदा धेरै बलात्कारका घटनाहरू हुने गरेका छन् । कास्की जिल्लामा बस्ने १० बर्षकी श्रेया सुनारलाई कुशुम पौडेलले बलात्कार गरी हत्या गरेका थिए । कुशुम पौडेल र केही स्थानीयको बयानले यो कुरा स्पष्ट हुन्छ कि श्रेयाको बलात्कार तथा हत्या गरेको दिन कुशुम पौडेलले अत्याधिक मात्रामा लागूपदार्थ तथा रक्सीको सेवन गरेर मातेका थिए । लागू पदार्थ तथा रक्सिको प्रयोगले गर्दा बलात्कार तथा हत्यामा वृद्धि हुन्छ भन्ने एउटा ठूलो उदाहरण हो यो ।

जबसम्म रक्सी तथा लागूपदार्थ बिक्री वितरण सम्बन्धी कडा कानुन ल्याइदैन, तबसम्म बलात्कारमा कमी ल्याउँछु भन्ने कल्पना नगर्दा पनि हुन्छ । रक्सीको बिक्री वितरणमा कमी ल्याउनको लागि तिनै तहको सरकारले एक अर्कासँग सरसल्लाह र सुझावको अधारमा कडा कानुनको व्यवस्था गर्नुपर्छ । अनि मात्र लागू पदार्थ तथा रक्सीको प्रयोगमा कमी आउनुको साथै बलात्कारको घटनामा पनि कमी आउँछ ।

### बेरोजगारी

नेपालमा कलकरखाना कम हुनु, भएको बन्द हुँदै जानु र व्यवसायिक वातावरण बन्नु जस्ता कारणले देशमा बेरोजगारी दिनप्रतिदिन बढ्दै गइरहेको छ । देशबाट ४० लाख युवाहरू विदेशमा गएर काम गरिरहेका छन् । विदेशिएका युवाले दिनरात मेहनत गरेर पठाएको रेमिट्यान्सले देशको अर्थतन्त्र चलिरहेको छ । श्रीमान श्रीमती टाढा भएर विदेशमा बस्दा बाबुले छोरीलाई बलात्कार गरेको धेरै उदाहरणहरू छन् । त्यसैगरी छोरा तथा ज्वाई विदेश गएको अवस्थामा बुवा तथा ससुराले आफ्नो छोरी तथा बुहारीलाई यौन शोषण तथा बलात्कार गरेको धेरै उदाहरण छन् । त्यसकै एउटा उदाहरण हो बर्दिया जिल्लामा पर्ने बढैया ताल ८ का ६३ बर्षीय बुवाले आफ्नो १९ बर्षीय छोरीलाई बलात्कार गरेको घटना । माईत आएको छोरीलाई पटक-पटक करणी गरिरहेको थियो । इलाका प्रहरी निरीक्षण गणेश सिंह महताले श्रीमान् विदेश गएको मौका छोपी माइत बसेको छोरीलाई बाबुले जबराजस्ती करणी गर्दै आएका थिए । श्रीमान् विदेशबाट फर्केपछि बाबा विरूद्ध छोरीले जबरजस्ती करणीको मुद्दा हालिन् तर अहिलेसम्म न्याय पाउन सकेकी छैनन् । यदी देशमा नै रोजगारीको अवस्था भएको भए सायद यस्तो घटना हुँदैन्थ्यो होला । त्यसकारणले बलात्कार कम गर्नुछ भने नेपाल सरकारले देशभित्र रोजगारी सिर्जना गर्नैपर्छ ।

### सामाजिक सञ्जाल

कुनै पनि व्यक्तिले आफ्ना विचार, सुचना, फोटो आदि इन्टरनेटको माध्यमले एकअर्कासँग आदान प्रदान गर्नुलाई सामाजिक सन्जाल भनिन्छ । सामाजिक संजालले गर्दा हामी आफ्नो कुरा एकअर्कासँग सजिलै गर्ने गर्छौं ।

सामाजिक संजालको माध्यमले चिने जानेको साथीहरूसँग भेट्न जाँदा बलात्कृत भएकी धेरै उदाहरणहरू छन् । ती उदाहरणहरू मध्येबाट एउटा उदाहरण लिएका छौ काठमाडौंको मुटुमा पर्ने ल्याण्डमार्क होटेलमा २२ बर्षीय युवतीको सामूहिक बलात्कार । फेसबुकको माध्यमले चिनजान भएको र केही दिनको कुराकानी पछि साथी सैलेशसँग भेट्न जाँदा युवती सामूहिक बलात्कृत भएकी थिइन् ।

सामाजिक सञ्जालको सही प्रयोगले गर्दा हामीले धेरै फाईदा लिन सक्छौ । तर, यसको गलत प्रयोगले गर्दा हामीलाई धेरै नकारात्मक प्रभाव पर्नसक्छ । कतिपय यस्ता व्यक्तिहरू छन् जसले जथाभावी रूपमा नचिनेको साथी बनाएर कुराकानी गर्ने कोशिस गरिरहेका हुन्छन् । सामाजिक संजालको माध्यमले बिना चिने जानेका मानिसहरूसँग कुराकानी गर्नु हुँदैन र तिनीहरूसँग कहिले पनि भेट्न जानु हुँदैन । बलात्कार घट्दा बढ्दै जानुमा सामाजिक संजालको सहज पहुँचलाई पनि लिन सकिन्छ ।

### मिडिया

मिडियाले बलात्कारको खबरलाई यति विस्तारले लेख्छ कि धेरैको मनमा घृणा उत्पन्न हुन्छ भने कतिपयलाई चासो उत्पन्न हुन्छ । कुनै पनि खबरहरूलाई हेर्‍यो भने सबैभन्दा बढी बलात्कार सम्बन्धी खबरलाई पढेको पाइन्छ । कतै मिडियाहरूले समाजको यस्तो नराम्रो खबरलाई मसला लगाएर अरू धेरै मसालेदर बनाएको त होइन ?

मिडियाले यदी देखाउने हो भने चेतनाशीलता, शिक्षा, गलत तथा सही छुवाईको बारेमा लेख्नु र देखाउनु आवश्यक देखिन्छ ।

जसले कुनै महिलालाई बलात्कार गरेको छ, त्यसको दिदी, बहिनी, छोराछोरीलाई समाजले कस्तो व्यवहार गरिरहेको छ । बहिष्कार गरेको छ कि सम्मानपूर्वक त्यो परिवार बाँचिरहेको छ कि त्यो विषयलाई बाहिर ल्याउने काम मिडियाले गर्नुपर्छ ।

*(मधेश दर्पण फिचर सेवा)*